# वर्गदृष्टि

**Bargadristi Weekly** साप्ताहिक

वर्ष ६ अङ्क ४२ पूर्णाङ्क २८० | २०७९ वैशाख १२ गते सोमबार | Monday, 25 April, 2022 | पृष्ठ ८ | मूल्य रू. १०।–


## कथित स्थानीय चुनाव बहिष्कार अभियानमा पत्रकारसहित १० गिरफ्तार



नवलपरासी १०- नेकपा क्रान्तिकारी माओवादीको स्थानीय निर्वाचन बहिष्कारको क्रममा पार्टी स्थायी समिति सदस्य राम सिं श्रीस सहित १० जनालाई इलाका प्रहरी कार्यालय सुनवलले पक्राउ गरेको छ। सुनवल चोकमा कोण सभामा बोल्दा बोल्दै पार्टी पिबिएम धनेश्वर पोखेल ; क्रान्तिकारी पत्रकार महासङ्घ महासचिव रवि पान्डेय पार्टीका जिल्ला सचिवालय सदस्य रामचन्द्र पोखरेल; जिल्ला सदस्य हरू कमल तमु ; रवि पुन ; गुणनिधि पोखेल; मोहनलाल शर्मा सुनवल नगर सदस्य ऋषिराम बिक र नेवा *बाँकी ७ पेजमा*

# फासीवादी दमनको प्रतिरोध गर्दै देशव्यापी निर्वाचन बहिस्कार आन्दोलन चर्काउँदै क्रान्तिकारी माओवादी







काठमाडौं। शेरबहादुर देउवा नेतृत्वको दलाल सरकारको फासिवादी दमनको प्रतिरोध गर्दै नेकपा (क्रान्तिकारी माओवादी)ले देशव्यापी रूपमा कथित स्थानीय तहको निर्वाचन बहिस्कार आन्दोलनलाई तीव्र पारेको छ। क्रान्तिकारी माओवादीले निर्वाचन बहिस्कार आन्दोलनलाई देशव्यापी रूपमा तीव्र पारेपछि देउवा सरकार शान्तिपूर्ण कार्यक्रममाथि फासिवादी दमनमा उत्रिएको छ। शान्तिपूर्ण रूपमा गएिका पर्चा, पोस्टरिङ, सभा, जुलुसमाथि देउवा-प्रचण्ड सरकारको प्रहरीले व्यापक रूपमा हस्तक्षेप र नेता कार्यकर्ताहरूलाई गिरफ्तार गरेको छ।

यसबीचमा नवलपरासीको सुनवल, बर्दघाट, चितवन, कालिकोट, काठमाडौं, दाङ, बर्दिया, बाँके लगायतका जिल्लाहरूमा प्रहरीले व्यापक रूपमा धरपकड गरेको छ।

नवलपरासीको सुनवल र बर्दघाटको बहिस्कार सभामा प्रहरीले हस्तक्षेप गरी क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य रामसिंह श्रीसले कोणसभालाई सम्बोधन गरिरहेको अवस्थामा *बाँकी ७ पेजमा*

## महासचिव किरणव्दारा पार्टीका स्थायी समिति सदस्य क. रामसिंह श्रीस लगायत दर्जनबढी गिरफ्तार कमरेडहरुलाई विनासर्त एवम् अविलम्ब रिहा गर्न सरकारसित जोडदार माग


संसारका मजदुरहरु एक हौं !

मार्क्सवाद-लेनिनवाद-माओवाद जिन्दावाद !

नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)
Communist Party of Nepal (Revolutionary Maoist)

पत्र संख्या/Serial No. :-
चलानी नं./Regd. No. :-

**प्रेस-वक्तव्य**

यही वैशाख ३० गते हुने भनिएको स्थानीय तहको निर्वाचन वहिष्कार गर्ने पार्टीको नीति अनुसार आज परासीको सुनवलमा शान्तिपूर्ण ढङ्गले प्रचारमा संलग्न हुनुभएका हाम्रो पार्टीका स्थायी समिति सदस्य क. रामसिंह श्रीस तथा पोलिटब्यूरो सदस्य क. धनेश्वर पोखरेल र रवि पाण्डे, गुणनिधि पोखरेल, रवि गुरुङ, मोहन लाल शर्मा, दिल बहादुर चुँदारा लगायत दर्जनबढी कमरेडहरुलाई देउवा नेतृत्वको गठबन्धन सरकारले निर्लज्ज गिरफ्तार गरेको छ। शान्तिपूर्ण रुपमा निर्वाचन वहिष्कारको प्रचार गर्नेहरु माथिको गिरफ्तारी प्रतिक्रियावादी शासकहरुको कायरताको अभिव्यक्ति हो। हाम्रो पार्टी यस प्रकारको फासीवादी कदमको घोर निन्दा तथा तीव्र भर्त्सना गर्दछ। साथै, गिरफ्तार कमरेडहरुलाई विनासर्त एवम् अविलम्ब रिहा गर्न सरकारसित जोडदार माग गर्दछ र सरकारको यस्तो लोकतन्त्र विरोधी हर्कतका विरुद्धमा आवाज उठाउन सच्चा लोकतन्त्रवादी पार्टी, सङ्गठन तथा व्यक्तित्वहरुमा हार्दिक अपिल गर्दछ।

मिति: २०७९ वैशाख १० गते

किरण
महासचिव
नेकपा (क्रान्तिकारी माओवादी)

काठमाडौं। स्थानीय तहको निर्वाचन वहिष्कार गर्ने पार्टीको नीति अनुसार परासीको सुनवलमा शान्तिपूर्ण ढङ्गले प्रचारमा संलग्न हुनुभएका पार्टीका स्थायी समिति सदस्य क. रामसिंह श्रीस तथा पोलिटब्यूरो सदस्य क. धनेश्वर पोखरेल र रवि पाण्डे, गुणनिधि पोखरेल, रवि गुरुङ, मोहन लाल शर्मा, दिल बहादुर चुँदारा लगायत दर्जनबढी कमरेडहरूलाई देउवा नेतृत्वको गठबन्धन सरकारले निर्लज्ज गिरफ्तार गरेकोमा महासचिव किरणव्दारा उहाँहरूलाई विनासर्त एवम् अविलम्ब रिहा गर्न सरकारसित जोडदार माग गर्दै निम्न प्रेस–वक्तव्य प्रकाशित गर्नु भएको छ :

# महासचिव किरणव्दारा लेनिनको जन्मदिवस र नेपाल कम्युनिस्ट पार्टीको स्थापना दिवसको ऐतिहासिक अवसरमा शुभकामना व्यक्त



काठमाडौं। २२ अप्रिल लेनिनको जन्मदिवस र नेपाल कम्युनिस्ट पार्टीको स्थापना दिवसको ऐतिहासिक दिन हो। नेपाली कम्युनिस्ट आन्दोलनले ७२ वर्ष पुरा गरी ७३ वर्षमा प्रवेश गरेको छ। यो ऐतिहासिक अवसरमा नेकपा (क्रान्तिकारी माओवादी) महासचिव किरणव्दारा निम्न प्रेस–वक्तव्यमार्फत आम पार्टी पङ्क्ति, सहिद, घाइते तथा बेपत्ता योद्धा, क्रान्तिकारी जनता एवम् अन्तर्राष्ट्रिय भाइचारा पार्टीहरू र विश्व सर्वहारा वर्गमा हार्दिक बधाइ तथा शुभकामना व्यक्त गर्नु भएकोछ :

## स्थानीय निर्वाचन बहिष्कारलाई सशक्त बनाउन नेकपा(क्रान्तिकारी माओवादी) प्रदेश नम्बर १ ले थाल्यो विशेष प्रचार अभियान



विराटनगर। नेकपा(क्रान्तिकारी माओवादी) प्रदेशनम्बर१लेविश्वसर्वहारावर्गका महान नेता लेनिनको जन्मदिवशको अवसर पारेर प्रतिक्रियावादी निर्वाचनका विरुद्ध विषेश प्रचार अभियान थालेको छ।

क्रान्तिकारी माओवादीले विराटनगरको शहिद रंगशाला अगाडिबाट प्रतिक्रियावादी निर्वाचनको विरुद्ध नारा लगाउदै मोटरसाइल र्‍याली सहित "प्रतिक्रियावादी स्थानीय निर्वाचन बहिष्कार गरौं, नयाँ जनवादी क्रान्तिको तयारीमा जुटौं" भन्ने नारा लेखिएको पर्चा वितरण गरेको हो। रंगशाला देखि पर्चा वितरण गर्दै निस्किएको र्‍याली जिल्ला प्रशासन कार्यालय हुदै गोल्छा चोक, मेनरोड बाट रोडशेष चोक हुदै विराटनगर बजार परिक्रमा गरेको थियो।

र्‍यालीले चौक चौकमा मोटरसाइकल रोकेर पर्चा वितरण गरेको नेकपा(क्रान्तिकारी माओवादी) प्रदेश सेक्रेटरी उदयले जानकारी *बाँकी ७ पेजमा*

## आजको आवश्यकता कम्युनिष्ट क्रान्तिकारी एकातिर र अवसरवादीहरू अर्कोतिर हुनुपर्दछ- मोहन वैद्य 'किरण'




काठमाडौं। प्रज्ञा प्रतिष्ठान भवन कमलादीमा नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) केन्द्रीय समितिको आयोजनामा कम्युनिष्ट पार्टीको ७३औं स्थापना दिवस तथा १५३औं लेनिन जयन्ती सम्पन्न भएको छ। कार्यक्रमका प्रमुख आतिथ्यता नेपाल कम्युनिष्ट पार्टी *बाँकी ८ पेजमा*

# जनसमुदाय, व्यक्तिहरु र नेतृत्व

*जनसमुदाय इतिहासका निर्माता हुन्। किनकि उनीहरु आफ्नो जीवनको उत्पादन र पुनरूत्पादन स्वयम् गर्दछन्। उनीहरु सामाजिक– आर्थिक अवस्थामा आबद्ध रहेका हुन्छन्। उत्पादन पद्धतिमा उत्पादक शक्ति र उत्पादन सम्बन्ध हुन्छन्। उत्पादन सम्बन्ध भनेको मानिसको प्रकृति र मानिसको तथा मानिसहरुबीचको आपसी सम्बन्ध हो। उत्पादक शक्ति अन्तर्गत मानवीय श्रम, श्रमका विषय र औंजार आउ'छन्। तिनमा मानवीय श्रमको भूमिका प्रधान र निर्णायक हुने गर्दछ*



● किरण ●

मानवजातिको इतिहासको निर्माणमा जनसमुदाय, व्यक्तिहरू र नेताहरू सबैको भूमिका हुन्छ। परन्तु यसमा जनसमुदायकै निर्णायक भूमिका हुन्छ। व्यक्तिहरू जनसमुदायकै इकाई हुन् र नेताहरूको जन्मदाता पनि जनसमुदाय नै हुन्। त्यसैले मानवजातिको इतिहासको निर्माता जनसमुदाय नै हुन्।

उसो भए प्रश्न उठ्छ के जनसमुदायले, अथवा व्यक्तिहरूले स्वतन्त्र इच्छाका आधारमा इतिहासको निर्माण गर्न सक्तछन्? यसको जवाफ छ- सक्तैनन्। किनकि इतिहास नियम शासित छ, जब मानिसले इतिहासका नियम बुझ्न सकेका हु'दैनन्, त्यो बेला पनि उनीहरूले ती नियमअनुरूप नै इतिहासको निर्माण गरेका हुन्छन्। जब उनीहरू ती नियम बुझ्न सफल हुन्छन्, त्यो बेला उनीहरूले सचेत ढंगले इतिहासको निर्माण गर्दछन्। अपितु त्यो बेला पनि उनीहरू ती नियमलाई नाघेर केही गर्न सक्तैनन्। ठीक त्यसैकारण हामीले इतिहासमा जनसमुदाय, व्यक्तिहरू र नेताहरूले खेल्ने भूमिकामाथि ध्यानदिन जरुरी हुन्छ।

जनसमुदाय इतिहासका निर्माता हुन्। किनकि उनीहरू आफ्नो जीवनको उत्पादन र पुनरुत्पादन स्वयम् गर्दछन्। उनीहरू सामाजिक- आर्थिक अवस्थामा आबद्ध रहेका हुन्छन्। उत्पादन पद्धतिमा उत्पादक शक्ति र उत्पादन सम्बन्ध हुन्छन्। उत्पादन *बाँकी ७ पेजमा*

## सम्पादकीय

# भ्रष्ट दलालहरू जन्माउने संसदीय चुनाव

अमेरिकाको साम्राज्यवादी मिसनमा आधारित एमसीसी जस्तो राष्ट्रघाती सम्झौता सदनबाट पास गर्न संसदवादी दलहरू खासगरी कांग्रेस, एमाले, माओवादी केन्द्र, जसपा, लोसपा लगायतका दलहरूले भूमिका खेले । अमेरिकी साम्राज्यवादको नाङ्गो दलाली गर्दै उनीहरूले नेपालको स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डतामा गम्भीर खतरा उत्पन्न हुने काम गरे । केही समयपछि यसको असर सघन रूपमा देखिने र भावी पुस्ताले यसको ठूलो मूल्य चुकाउनुपर्ने स्थिति आउने निश्चित छ । एमसीसीमा र भारतीय सीमा अतिक्रमणमा राष्ट्रघात गर्नेहरूमा पनि यिनै दल र तिनका नेताहरूको प्रमुख भूमिका छ । यिनै दल र यिनका नेता कार्यकर्ताहरूले राज्यको ढिकुटीमा ब्रम्हलुट मच्चाएका छन् । भ्रष्टाचारीको रूपमा बद्नाम भएका छन् । यो वा त्यो नाममा संसदीय चुनावबाट फेरि तिनै जनघाती र राष्ट्रघाती तत्वहरू जनताको जनमत दिएर अनुमोदित हुने र अहिलेको भन्दा ठूलो जनघात र राष्ट्रघात गर्न लाइसेन्स प्राप्त हुने भन्दा बाहेक अरु केही हुँदैन ।

चुनावमा पैसाको खोलो बगाएर, मतदातालाई विभिन्न प्रलोभन तथा डरधम्की दिएर आफ्नो पक्षमा चुनावी परिणाम पार्न कुनै कसर बाँकी राख्दैनन् संसदवादी दलका नेता कार्यकर्ताहरूले । राज्य शक्ति र स्रोतसाधनको चरम दुरूपयोग गरेर गरिने र जितिने चुनावको सम्पूर्ण व्ययभार महंगी र चर्को कर जनतामाथि नै थोपरेर जनता लुट्ने र आफूले देश र जनताका विरुद्ध जतिसुकै अक्षम्य अपराध गरेको भए पनि चोखिखने प्रपञ्चबाहेक यो चुनाव आम श्रमजीवी जनताको लागि केही हुन सक्दैन ।


'चुनाव प्रणाली नै घातक भयो, २०-३० करोड खर्च नगरी जित्न नसकिने । पहिला, टिकट पाउनै पैसा खर्च गर्नुपर्छ । होइन भने नेताको आफन्त हुनुपर्‍यो । अन्यथा टिकट नै नपाइने । टिकट पाएपछि चुनाव जित्नै गाह्रो । ठूलो घराना, ठूला उद्योगपतिबाट पैसा लिनुपर्ने । त्यो पनि २०-३० लाख होइन, त्योभन्दा धेरै । चुनावमा उसले सहयोग गरेपछि, जितेर फर्केपछि उसको अगाडि उभिँदा हाम्रो मार्क्सवाद त्यहीं सकिन्छ । परिस्थिति यति डरलाग्दो छ कि मैले चुनाव लड्दा गरेको खर्च अहिले कसैले दिने हो भने यो पदै दिइहालौं जस्तो लाग्छ । यस्तो खालको प्रणालीले हामीलाई कहाँ पुर्‍याउँछ ?' माओवादी केन्द्रका नेता राम कार्कीको मात्र होइन 'पहिलो चुनाव (२०६४) मा मेरो खर्च ८० हजार रूपैयाँ भएको थियो । दोस्रो चुनावमा ३ करोड र लास्ट चुनावमा ६ करोड... ल भन्नुस् त तपाईंहरू कोही मेरो क्षेत्रबाट चुनाव लड्न चाहनुहुन्छ ? म छोड्न तयार छु ।' भन्ने कांग्रेसका नेता शशांक कोइरालाको भनाइले संसदीय चुनावको चरित्र र यसबाट कस्ता मान्छे निर्वाचित हुन्छन् भन्ने कुरा स्पष्ट हुन्छ ।

एक अध्ययनअनुसार जसले बढी पैसा खर्च गरेको छ, उसैले जितेको छ, यस्तो प्रवृत्ति प्रादेशिक चुनावमा पनि देखिन्छ । उक्त प्रतिवेदनका अनुसार प्रदेशसभाका विजयी सांसदले औसतमा १.२५ करोड खर्च गरेका थिए भने उपविजेताले १.१७ करोड र अन्य उम्मेदवारले औसतमा ७१ लाख । यसले निर्वाचनको परिणाम धनाढ्यहरूको कब्जामा पर्न सक्ने र उनीहरूले राजनीतिक निर्णय प्रक्रियामा हस्तक्षेप गर्न सक्ने देखाउँछ, । अर्थविद् विनोद सिजापती महँगो चुनावले प्रजातन्त्रलाई नै पैसावालको कब्जामा पुर्‍याउने जोखिम बढाएको बताएका छन् ।

शिक्षाविद् केदारभक्त माथेमाका अनुसार पैसाको बलमा जितेका व्यक्तिको प्रतिबद्धता र उत्तरदायित्व जनताप्रति हुँदैन । उसले आफूले खर्चिएको रकम उठाउन खोज्छ वा आफ्ना लागि खर्च गरिदिने स्वार्थ समूहलाई पोस्न खोज्छ । यसलाई नरोक्ने हो भने राजनीतिमा पैसा खर्च गर्न सक्ने व्यक्ति र समूहको मात्रै दबदबा रहन्छ । व्यापारीले मुनाफा कमाउने उद्देश्यले उम्मेदवारका लागि चुनावमा लगानी गरिदिएको हुन्छ । भोलि चुनाव जिते भने उनीहरूको बफादारिता व्यापारीप्रति हुन्छ ।

यी भनाइबाट पनि प्रष्ट हुन्छ कि नेपालको राजनीति आम श्रमजीवी जनताको हित गर्ने राजनीति छैन । त्यो राजनीतिक कमजोर भएर गएको छ । र, संसदीय चुनावबाट फेरि पनि तस्कर, माफिया, नबधनाढ्य, सम्भ्रान्त वर्ग, लुटिखाने, श्रमजीवी जनताको श्रम र पसिनामाथि शोषण गर्ने मुठ्ठीभर अभिजात वर्ग नै शासनसत्ताको मालिक हुने र देश जनतालाई लुटने भन्दा अरु केही हुन सक्दैन । तसर्थ, सचेत श्रमजीवी जनताका अगाडि यो निर्वाचन बहिस्कार गर्नुको विकल्प छैन । निर्वाचनमा सहभागि हुनु भनेको देशघाती र जनघातीहरूलाई आफ्नो अमूल्य मत दिएर चोख्याउनुभन्दा बाहेक अरु केही हुन सक्दैन । यस विषयमा सचेत जनताले गम्भिर भएर सोच्न जरुरी छ ।


परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं।

www.moolbato.com


# कसरी लिन्छन् धर्मलाई क्रान्तिकारी कम्युनिस्टहरूले ?



● लोकनारायण सुवेदी ●

**वास्तवमा सारतस् धर्मको मार्क्सवादी अवधारणा त्यसको समग्र दार्शनिक आधारसँग जोडिएको छ । मानिसको साँच्चो स्वतन्त्रता तथा मुक्ति के हो,यस सोझो र महत्वपूर्ण प्रश्नको उत्तरको खोजी गर्दै कार्ल मार्क्सले के बिचार गरे भने क्रान्तिको हेगेलबादी बिचारलाई छोडिदिनु पर्दछ । उनको समयमा त्यस बिचारको प्रतिनिधित्व फायरबाखले गर्दथे । मार्क्सले हेगेलको त्यो बिचारलाई परित्याग गरे र उनी बहुतै महत्वपूर्ण निष्कर्शमा पुगे । त्यो निष्कर्श यस्तो थियो– 'मानिसको चेतना समाजिक स्थितिवाट निर्धारित हुन्छ, न कि त्यसको उल्टो– मानिसको चेनताले सामाजिक स्थिति बनाउँदछ' भन्ने कुरा । मानिसको चेतनाले उसको अस्तित्वको निर्धारण गर्दैन । त्यसको बिपरीत मानिसको सामाजिक अस्तित्व नै उसको चेतनाको निर्धारक हो**

अरु दर्शनहरूले जस्तो संसारलाई बुझ्ने र ब्याख्या गर्ने कुरामा मात्र मार्क्सवादले आफुलाई सीमित राख्दैन । यस दर्शनले त संसारलाई आमूल परिवर्तन गरेर अग्रगामी सामाजिक रूपान्तरण गर्ने महत्वपूर्ण कुरामा सर्वाधिक जोड दिन्छ । ठीक यसै कारणले वास्तवमा अरु आफ्ना पूर्बबर्ती दर्शनहरूभन्दा मार्क्सवाद एकदमै भिन्न र बिशिष्ट छ । वास्तवमा यो एउटा रचनात्मक सामाजिक बिज्ञान हो । बिश्वको बौद्धिक बिकासको समुच्चा सम्पदाको सही अर्थमा सदुपयोग गरेर मार्क्सवादले यस्तो बैज्ञानिक सामाजिक सिद्धान्त र पद्धति मानब समाजलाई प्रदान गरेको छ जसले सामाजिक शोषण, भेदभाव, अन्याय, असमानता, अन्धबिश्वास र कुरीतिहरूलाई आमूलरूपमा बदलेर नयाँ मानव समाज निर्माणको मार्गदर्शन गर्दछ । यस प्रकार मानव समाजलाई मुक्ति, समानता र समुन्नतिका निमित्त यसले प्रष्ट दिशा निर्देश गर्दछ । अरु दर्शनहरू भन्दा यी नै कुरामा मार्क्सवाद फरक र बिशिष्ट रहेको तथा ज्ञान र ब्यवहारको सही बिबेचना गर्ने बिचार हो भन्ने बिद्वानहरूले औल्याएका छन् ।

मार्क्सवाद अर्थात मानव समाजप्रति जिम्मेवार मार्क्स र एंगेल्सका अत्यन्तै गहन,गम्भीर र जिम्मेवारीपूर्ण रचनाहरू फ्रान्सेली समाजवाद, जर्मन दर्शन र भौतिकवाद तथा अग्रेजी अर्थशास्त्रको सही किसिमको संश्लेषण र बिकास गरेर बिकसित भएको हो । रचनात्मक बिज्ञानकोरूपमा मार्क्सवादले वास्तवमा समस्त रचनात्मक चिन्तनलाई यसरी समन्वित गर्दछ । अनि यसरी शोषणमा आधारित बिश्व सामाजिक ब्यवस्थाको मात्र होइन, बरु त्यसलाई बदल्ने क्रान्तिकारी लक्षलाई साकार तुल्याउने कारबाहीलाई समेत स्पष्टरूपमा पथ प्रदर्शन गर्दछ । आफ्नो यस्तो स्वभाविक प्रकृतिबाटै यसरी मार्क्सवाद भौतिक, रचनात्मक र द्वन्दात्मक स्वभावको सामाजिक सिद्धान्त हो भन्ने कुरा एकदमै प्रष्ट हुन्छ । अतस् यो जडसुत्रवाद बिरोधी छ । यो एउटा बस्तुगत यथार्थमा आधारित बिश्व दृष्टिकोण हो जसले सामाजिक मुक्तिको परिकल्पनालाई अंगिकार र मुक्तिकामी आदर्शलाई अभिब्यक्त गर्दछ । ऐतिहासिक स्थितिमा परिवर्तन ल्याउने बिभिन्न प्रबृत्तिहरूलाई केलाउने र बुझ्ने यो एउटा प्रभावकारी र ठोस आधारमा खडा भएको सशक्त हतियार हो । यसले जनताका संघर्षहरूका कार्यक्रमगत लक्षहरूको ब्याख्या गर्दछ । अनि बदलिदा ऐतिहासिक अवस्थाहरूको आवश्यकता अनुरूप यसले आवश्यक कुरालाई स्वीकार गर्ने र आत्मसात गर्ने क्षमता राख्दछ । यही नै यो सामाजिक बिज्ञानको निरन्तरताको नियम हो ।

मानव जातिको प्रगतिको आधारमा एउटा रचनात्मक समाजिक बिज्ञानका नाताले यसरी मार्क्सवादले स्वयंलाई समृद्ध पार्दछ । यस सन्दर्भमा मार्क्स र एंगेल्सले जे भनेका छन् ती कुराहरूलाई उल्लेख र रेखाङ्कित गर्नु आवश्यक र सान्दर्भिक हुन्छ कि आजसम्मको सम्पूर्ण ज्ञानको इतिहासको सीलसीलामा धर्म बिचारधाराकै एउटा सबैभन्दा प्रभूत्वशाली तत्व बनेर आएको छ । यसकारणले शोषक तथा शोषित बर्ग बीचको संघर्षको अभिब्यक्ति पनि धार्मिकरूपमा समेत हुँदै आएको पाइन्छ । त्यसैले समाजमा आज पनि परिरहेको धर्मको प्रभावलाई बुझ्नु मार्क्सवादका लागि त्यत्तिकै प्रासांगिक हुन्छ, जति अन्य बिचारधात्मक रूपहरूलाई बुझ्नु प्रासांगिक हुन्छ । यसका अतिरिक्त धर्मको सँधै नै एउटा मानतावादी अन्तरबस्तु रहने गरेको छ । यो कुरा स्वयं मार्क्सले पनि स्वीकारेका छन् कि मानिसको हित हुने कुनै पनि कुरा उनका निमित्त पराई कुरा होइन र हुँदैन । यी नै महत्वपूर्ण कुराहरूलाई राम्ररी ध्यानमा राखेर समाजमा धर्मको भूमिका र यसबारे मार्क्सवादी अवधारणा बुझ्न र ब्याख्या गर्न सरल र सजिलो हुन्छ ।

धर्मसम्बन्धी मार्क्सवादी धारणालाई लिएर निकै ठूलो बहस लामो समयदेखि निरन्तर चल्दै आएको छ । यस क्रममा मूलतस् धर्म सम्वन्धी मार्क्सवादी अवधारणालाई जन साधारणको सामान्य धारणा सन्दर्भबाट अलग्ग गरेर र काटेर प्रस्तुत गर्ने गरिदै आएको छ । त्यसको एउटा ठोस उदाहरण हो 'धर्म जनताको अफिम हो' भन्ने उद्धरण । साच्चो र यथार्थ कुरा त के हो भने यस उदाहरणलाई मार्क्सवादका बिरुद्ध दुरूपयोग गर्नेहरूले जानीबुझिकनै त्यसको पूरा सन्दर्भ नदिई आंशिकरूपमा त्यसलाई प्रस्तुत गर्ने गर्दै आएका छन् ।

वास्तवमा बिश्वका महान दार्शनिक एवं सिद्धान्तकार कार्ल मार्क्सले स्पष्टरूपमा के भनेका छन् भने "धार्मिक पीडा एकै पटक वास्तविक पीडाको पनि अभिब्यक्ति तथा वास्तविक पीडाको बिरुद्ध बिरोध प्रदर्शन पनि हो । धर्म उत्पीडित प्राणीको चित्कार९आह० हो । एउटा हृदयहीन संसारको हृदय हो, त्यसरी नै जसरी कुनै आत्मबिहीन स्थितिको त्यो आत्मा हो । त्यो जनताको अफिम हो ।" (धर्म मार्क्स एंगेल्स स् हेगेलको अधिकार सम्बन्धि दर्शनको आलोचनामा योगदान, पृष्ठ ५१) धर्म यदि अफिमै हो भने पनि त्यो यस कारणले कि त्यसमा एउटा काल्पनिक संसारमा मानिसलाई लैजाने अद्भूत क्षमता हुन्छ, जस्तो ब्यक्तिलाई लठ्ठ पार्ने क्षमता अफिममा हुन्छ । कुनै पनि उत्पीडनका निमित्त धर्मले एउटा काल्पनिक संसारमा मानिसलाई लैजाने त्यस्तै क्षमता हुन्छ जस्तो क्षमता अफिमा हुन्छ । कुनै पनि उत्पीडितका लागि धर्मले एउटा काल्पनकि राहतको रूपमा पलायनको बाटो प्रस्तुत गर्दछ । त्यसको लागि एउटा हृदयहीन संसारमा हृदय,एउटा आत्माबिहीन स्थितिमा आत्मा जुटाइदिन्छ । ठीक यही कारणले धर्म त्यो अफिम हो जसको जनताले स्वयं आफुलाई भुल्याउनका निमित्त आवश्यकता पर्दछ र त्यसबेलासम्म आवश्यकता पर्दछ जबसम्म जनता यस्तो स्थितिमा फसेका हुन्छन् । जुन कुरा उनीहरूलाई आफ्नो ज्ञान र नियन्त्रणभन्दा बाहिरको हो भन्ने लाग्दछ । वास्तवमा एंगेल्सले त कतिसम्म लेखेका छन् भने सम्पूर्ण धर्म मानिसको दैनन्दिन जीन्दगीलाई नियन्त्रित गर्ने शक्तिहरूको मानिसहरूको मानसपटलमा बनेको काल्पनिक प्रतिबिम्ब बाहेक अरु केही होइन । ***(ड्यूहरिंग मत खण्डन)***

वास्तवमा सारतस् धर्मको मार्क्सवादी अवधारणा त्यसको समग्र दार्शनिक आधारसँग जोडिएको छ । मानिसको साँच्चो स्वतन्त्रता तथा मुक्ति के हो,यस सोझो र महत्वपूर्ण प्रश्नको उत्तरको खोजी गर्दै कार्ल मार्क्सले के बिचार गरे भने क्रान्तिको हेगेलबादी बिचारलाई छोडिदिनु पर्दछ । उनको समयमा त्यस बिचारको प्रतिनिधित्व फायरबाखले गर्दथे । मार्क्सले हेगेलको त्यो बिचारलाई परित्याग गरे र उनी बहुतै महत्वपूर्ण निष्कर्शमा पुगे । त्यो निष्कर्श यस्तो थियो स् 'मानिसको चेतना समाजिक स्थितिवाट निर्धारित हुन्छ, न कि त्यसको उल्टो- मानिसको चेनताले सामाजिक स्थिति बनाउँदछ' भन्ने कुरा । मानिसको चेतनाले उसको अस्तित्वको निर्धारण गर्दैन । त्यसको बिपरीत मानिसको सामाजिक अस्तित्व नै उसको चेतनाको निर्धारिक हो' ।

***(राजनीतिक अर्थशास्त्रको आलोचनाबाट)***

यस प्रकार आधारभूत महत्वको निष्कर्श निकाल्दै मार्क्स भन्दछन् स् अधार्मिक आलोचनाको आधार हो स् मानिसले धर्मको निर्माण गर्दछ । धर्मले मानिसलाई बनाउने होइन, अर्को शब्दमा, चिन्तन तथा त्यसबाट निस्कने बौद्धिक ब्यवहारको दृष्टिबाट मानवीय चेतनाका अरु प्रत्येक अभिब्यक्तिहरू झै नै धर्म पनि मानवीय समाजिक अस्तित्वकै परिणाम हो न कि त्यसको (सामाजिक अस्तित्वको कारण । यस अवधारणाले धर्मलाई कुनै स्वयम्भू बस्तुको रूपमा स्वीकार्दैन । धर्मलाई कुनै यस्तो बस्तु मान्दैन जुन इतिहासमा समाजको गति चालक शक्तिबाट स्वतन्त्र रहेको होस् । बस्तुतस् ठीक यसै कारणले मार्क्सवादले कोपर्निकस तथा एकलब्यको उत्पीडनको दोष धर्ममाथि थोपर्दैन । त्यसले त ती सबै धार्मिक भाषामा अभिब्यक्त सामाजिक शक्तिहरू तथा आन्दोलनहरूको स्वभाविक अभिब्यक्तिकोरूपमा लिन्छ । किनकि सम्पूर्ण ज्ञात इतिहासमा धर्म बिचारधाराको एउटा प्रभूत्वशाली तत्वको रूपमा रहेको छ । अनि जवसम्म यो बिचारधाराको रूपमा बनिरहन्छ प्रगतिशील तथा प्रतिकृयावादी बिचार शासक बर्गको निहीत स्वार्थ तथा शोषित बर्गका मागहरू सबै कुरा समानरूपले मानिसहरूको मानसपटलमा प्रतिबिम्बित भइरहनेछन् । मार्क्सवादले जहाँ सुफी, भक्ति आदि धार्मिक सुधार आन्दोलनहरूको सकारात्मक तथा प्रगतिशील अन्तरबस्तुलाई चिन्दछ त्यही तिनीहरूको सीमालाई पनि रेखांकित गर्दछ कि कसरी कुन प्रकारका आन्दोलनले धर्मका सीमाभित्र सीमित भएर परिवर्तन ल्याउन सक्तैन, जबसम्म त्यो सामजिक परिस्थितिमा परिवर्तन ल्याउन सकिदैन, जुन कुनै खाश धार्मिकरूपमा प्रभूत्वको स्थितिमा अभिब्यक्त भइरहेको हुन्छ, त्यसबेलासम्म त्यस खाश धार्मिक रूप तथा त्यससँग जोडिएका उत्पीडनलाई समाप्त पार्न सकिने छैन । यसरी धार्मिक सुधार आन्दोलनको सकारात्मक अन्तरबस्तुलाई पहिचान गर्नुका साथसाथै मार्क्सवाद धर्मको इतिहासलाई पनि मानव सभ्यता तथा त्यसै अनुरूप मानव चिन्तनको बिकासको सीमा राख्न सफल र समर्थ भएको छ । प्रष्ट छ, यसरी धर्म कुनै अलौकिक बस्तु रहेको छैन र हुँदैन ।

यस सम्वन्धमा एंगेल्सले प्रष्ट के भनेका छन् भने धर्म त्यस्तो प्रतिबिम्ब हो जसमा लौकिक शक्तिहरूले परलौकिक रूप लिन्छन् । अर्थात् परलौकिक शक्ति बन्दछन् । इतिहासको प्रारम्भमा यस्तो प्रतिबिम्ब प्रकृतिका शक्तिशरुको नै हुने गर्दथ्यो । हाम्रो आफ्नै सन्दर्भमा सूर्य,अग्नि, बायु, नाग आदिको मूर्ति पूजाको आदिम रूप देख्न र बुझ्न यसै प्रसंगमा सकिन्छ । बैदिक कर्मकाण्डहरू सारतस् यज्ञमा आधारित छन् जुन अग्नि जगाउने एउटा रूप नै हो ।

तर धेरै समय बित्न नपाउँदै प्रकृतिका ती शक्तिहरूका साथै सामाजिक शक्तिहरू पनि सक्रिय हुन थाल्दछन् । ती सामाजिक शक्तिहरू पनि मानिसका सामु प्राकृतिक शक्ति जस्तै बाहिर तथा प्रारम्भमा अगम्य लाग्ने शक्तिकै रूपमा आउँदछन् । सतही रूपमा ती शक्तिहरूमाथि पनि त्यसरी नै त्यस्तै प्रकारको प्राकृतिक आवश्यकताको रूपमा हावी रहन्छन् जसरी प्रकृतिका शक्तिहरू त्यसमाथि हावी र प्रभावी रहने गर्दै आएका थिए । ती काल्पनिक प्राणीहरूमा जो आरम्भमा केवल प्रकृतिकै रहस्यपूर्ण शक्तिलाई प्रतिबिम्बित गर्दथे,यस बिन्दूमा पुगेपछि सामाजिक गुण पैदा हुन्छ । ती इतिहासको शक्तिको प्रतिनिधि बन्दछन् । समाज विकासको अझ अगाडिको अवस्थामा पुगेर अनेका प्रकारका देवताहरू सम्पूर्ण प्राकृतिक तथा सामाजिक गुणयुक्त एउटा सर्वशक्तिशाली इश्वरमा स्थानान्तरित हुन जान्छन् । यो इश्वर निराकार मानवकै प्रतिविम्ब हो । एकेश्वरबादको जन्म यसै प्रकारले भएको थियो । ऐतिहासिकरूपमा यो उत्तरकालीन यूनानीहरूहरूको भ्रष्ट दर्शनको अन्तिम उपज थियो । फेरि त्यसले यहुदीहरूको बिशिष्ट जातिय देवता 'जेहोवा' को रूपमा अबतार लियो । यो सुविधाजनक, शुद्ध र सार्बभौकिरूपले संयोजनीय रूपमा ती बाह्य प्राकृतिक तथा सामाजिक शक्तिहरूकासाथ जसले तिनमाथी शासन गर्दछ, मानिसको तत्कालीन अर्थात भावनात्मक सम्वन्धको रूपमा धर्म त्यतिवेलासम्म कायम रहन सक्तछ जबसम्म मानिस ती शक्तिहरूको नियन्त्रणमा बाँधिइरहेको हुन्छ । तर के कुरा बारम्बार देखिइसकिएको छ भने बर्तमान बिश्व पूँजीवादी समाजमा एउटा बाह्य शक्तिको रूपमा मानिसमाथि ती आर्थिक परिस्थितिहरूको शासन हुन्छ जसको सृष्टि स्वयं मानिसले नै गरेका छन् । उनीहरूमाथि उत्पादनका ती साधानहरूको शासन हुन्छ जसको निर्माण स्वयं उनीहरूले गरेका हुन्छन् वा गरेका छन् । यसकारण ती प्रतिबिम्बहरू परावर्तक क्रियाको वास्तविक आधार बनिरहन्छन् जसले धर्मलाई जन्म दिन्छ । अनि त्यसको साथसाथै स्वयं धार्मिक प्रतिविम्ब पनि कायम रहन्छ ।

***(ड्यूहरिंग मत खण्डन, फेडरिक एंगेल्स)***

यसरी मार्क्सवादले इतिहासको बैज्ञानिक ढंगले बिश्लेषण गर्दै महान समाजिक संघर्षकारूपमा धर्मको जटील भूमिकालाई देख्न र बुझ्न सक्यो । इसाइ धर्मको मूल ती जन आन्दोलनहरूमा पाइन्छ जुन बिद्रोह रोमन साम्राज्यको पत्तन पछि उठेको थियो । त्यसैगरी इस्लाम धर्मको उदयको सिलसिलामा मार्क्स र एंगेल्स 'बेदुइहरू' र 'नागर' जनका बीचका आन्तरिक संघर्षहरू र अबिशिनियावाट अरब प्रायद्वीप मुक्त गराउने तथा लामो समयदेखि निष्कृय भएको ब्यापारिक बटो फेरि कब्जा गर्ने बढ्दो अरब जातिय चेतनालाई रेखाकित गरेका छन् । त्यसैगरी 'प्रोटेस्टान्ट' धार्मिक सुधार मतको उदयलाई पतनशील सामन्ती ब्यवस्था र उदीयमान पूँजीपति बर्ग बीच चलिरहेको जटील बर्ग संघर्षको अभिब्यक्तिको रूपमा हेरिएको थियो । प्रोटेस्टान्ट धर्मप्रतिको अमिटता उदीमान पूँजीपति बर्गको अजेयतासँग गाँसिएको छ । (एंगेल्स स् फायरबाख)

मार्क्स र मार्क्सवादीहरूका लागि धर्म ती समाजिक परिस्थितिहरूको उपज हो जुन सामाजिक परिस्थितिमा मानिस रहेकोह हुन्छ र अहिले पनि रहिरहेको छ । धर्मको इतिहास एक अर्थमा मानवीय बिकासको इतिहासको प्रतिविम्ब पनि हो । त्यसैले चेतनाका अन्य रूपझै धर्म स्वतस् सम्पूर्ण बस्तु होइन, वास्तविक संसारको नै प्रतिविम्ब हो । जबसम्म मानिसले प्रकृतिका शक्ति र सामाजिक शक्तिहरू जसले उनीहरूको दैनिक अस्तित्वलाई निर्धारण गर्दछन्, तथा उनीहरूको भाग्यलाई सञ्चालन गर्दै रहेको देखिन्छ, लाई बुझ्दैनन् एउटा अलौकिक तथा संसार बाहिरको सत्ताको कल्पनाको आवश्यकता भइरहन्छ । यसरी धर्मले मानिसहरूको लागि राहत, सौर्न्दर्य र आश्वासनको यस्तो एउटा संसार बसाइदिन्छ जुन कुरा मानिसले आफ्नो वास्तविक जीवनमा प्राप्त गर्न गर्दैन । यसको साथै कुनै खाश चरणमा समाजमा चलिरहेको बर्ग संघर्ष पनि त्यस बेलासम्म धार्मिक भाषामा अभिब्यक्त गर्न सकिन्छ जबसम्म धर्म बिचारधाराको नै सबैभन्दा प्रमुख रूप बनिरहन्छ । अहिले जहाँसम्म कुनै खाश चरणमा भइरहेको बर्ग संघर्षको धर्ममा अभिब्यक्तिको प्रश्न छ, त्यो अभिब्यक्ति जुन सीमासम्म पुगेको छ त्यसै हदसम्म शासक बर्गीय बिचारधाराका अन्य रूपहरू जस्तै धर्म पनि शासक र शोषक बर्गको हतियार पनि बन्दछ र त्यस खाश शासनको बैधता साबित गर्ने साधन पनि ।

बिश्वमा पहिलो पटक शोषित पीडित राज्य स्थापना गर्ने महान लेनिनले भनेका छन् - 'धर्म आत्मिक शोषणको एउटा रूप हो जसले प्रत्येक ठाउँमा ती जन समुदाय, जो निरन्तर अर्कोको लागि काम गर्ने गर्दछन् र अभाव तथा बञ्चनाबाट पहिलेदेखि ने संत्रस्त छन्, तिनको जीवनलाई अझ बोझिलो बनाइदिन्छ । शोषक बर्गका बिरुद्ध संघर्षमा शोषित बर्गको असक्तताले मृत्युपछिको अधिक सुखद जीवनमा अनिवार्यरूपले त्यसैगरी उनीहरूमा बिश्वास पैदा गरिदिन्छ जसरी

बाँकी ७ पेजमा

# कम्युनिष्ट पार्टी संगठनबारे लेनिनका विचार



● कृष्णदास श्रेष्ठ

***सिद्धान्तका आधारमा छलफल तथा संघर्षद्वारा विचलित भएका कामरेडहरुलाई सही बाटोमा ल्याउन प्रयत्न गरिनु आवश्यक छ । यदि त्यस्तो संघर्ष नचलाइकन र समयमा त्यसलाई नहटाइकन रहन दिने हो भने त्यसले आफूलाई खतरनाक रुपमा विकसित गर्न सक्छ । सुरुमा त्यस्तो विचलन सानो र नगण्यजस्तो भए पनि कुनै खास अवस्थाहरुमा त्यसले वैचारिक रुपमा मात्र होइन, सांगठनिक रुपमा पनि आफूलाई एउटा गुटको रुपमा अर्थात् आफ्नै छुट्टै मञ्च र व्यवस्था भएको समूहको रुपमा स्थापित गर्न सक्छ । गुटको रुप लिएपछि, त्यसका सदस्यहरुले पार्टी अनुशासनको उलंघन गर्दछन् । बहुमतको निर्णय मान्न इन्कार गर्छन् र पार्टीभित्रबाट पार्टी विरोधी गतिविधि चलाउँछन् र यसरी पार्टीमा फाटो ल्याउन खोज्छन् । वास्तवमा गुटबन्दीले क्रान्तिविरोधी शक्तिहरुको सेवा गर्छ र त्यो पार्टीको सैद्धान्तिक तथा सांगठनिक एकताको लागि बडो हानिकारक छ***

जनवादी-केन्द्रीयता भनेको सम्पूर्ण पार्टी जीवनको संचालनमा जनवादसित केन्द्रीकृत नेतृत्वको जीवन्त मेल हो । जनवाद र केन्द्रीयताको द्वन्द्वात्मक स्वरुप रहेको यस सिद्धान्तको ठीक ढंगबाट प्रयोग नभएको खण्डमा खराब परिणामहरु निस्कने गरेका छन् । वास्तवमा जनवाद र केन्द्रीयताबीच सन्तुलित सम्बन्ध नभएर एउटाको विरुद्ध अर्कोको आधिक्यता हुनु त्यसको गलत प्रयोग हो । यसलाई लेनिनले निम्नरुपमा स्पष्ट पारेका छन् : "हामी जनवादी केन्द्रीयताको पक्षमा छौं । र, जनवादी केन्द्रीयता एकातिर नोकरशाही केन्द्रवादबाट र अर्कोतिर अराजकतावादबाट कति धेरै भिन्न छ भन्ने कुरालाई स्पष्टसित बुझ्नु पर्छ ।"११

माथि उद्धृत भनाइमा लेनिनले जनवादी केन्द्रीयतालाई ठीक ढंगबाट बुझ्न नसक्ने र गलत अर्थमा त्यसको प्रयोग हुनसक्ने कुराप्रति संकेत गरेका छन् । केन्द्रीयताको नाउँमा नोकरशाही व्यवहार हुँदा, जनवादको नाउँमा अराजकतावादी व्यवहार हुँदा त्यसबाट अनेकौं विसंगतिहरु पैदा हुने गर्छन् । हामीले कस्तो स्थिति देख्ने गरेका छौं भने पार्टी संगठन निर्माणको सम्बन्धमा अवसरवादी प्रवृत्ति राख्नेहरु केन्द्रीकृत नेतृत्वको विरोधमा जनवादलाई उभ्याउने गर्छन् भने नोकरशाही प्रवृत्तिका नेताहरु जनवादको विरुद्ध केन्द्रीतालाई तेर्स्याउने गर्छन् ।

जनवादी केन्द्रीयतामा मुख्यरुपमा दुईवटा कुरा छन् : केन्द्रीयता जनवादको आधारमा रहन्छ भने जनवाद केन्द्रीकृत नेतृत्वअन्तर्गत रहन्छ । अर्थात् पार्टीका सबै कार्यकारिणी निकायहरु पार्टी सदस्यहरुद्वारा चुनिएका हुन्छन् । पार्टीका कार्यक्रम, नीति तथा मुख्य प्रस्तावहरु तिनका प्रतिनिधिहरुद्वारा पारित गरिएका हुन्छन् र तिनीहरुले नै नेतृत्वकारी निकायलाई पार्टी कामको संचालन गर्ने अधिकार दिएका हुन्छन् । अल्पमत बहुमतको, तल्ला कमिटि माथिल्ला कमिटिको, व्यक्ति संगठनको र सबै पार्टी संगठनहरु केन्द्रीय कमिटिको अधिनस्थ रहने सिद्धान्तका आधारमा व्यवस्थित रुपबाट पार्टी कार्यको सम्पादन गरिन्छ । त्यसको अर्थ पार्टी जनवादी ढंगबाट संगठित रहन्छ भन्ने हो । लेनिनले अन्तरपार्टी जनवादको सारतत्वलाई निम्नरुपमा व्यक्त गरेका छन् :

यसको अर्थ के हो भने पार्टीका सारा मामिलाहरुको सञ्चालन विनाअपवाद समान अधिकारहरु भएका पार्टीका सबै सदस्यहरुद्वारा या प्रत्यक्षरुपमा या तिनका प्रतिनिधिहरुद्वारा गरिन्छ । अर्को कुरो के भने, पार्टीका सबै अधिकृतहरु, सबै नेतृत्वकारी निकायहरु र सबै संगठनहरु निर्वाचनको अधिनस्थ रहन्छन्, तिनीहरु आफ्ना मतदाताहरुप्रति उत्तरदायी रहन्छन् र प्रत्यावहानको अधिनस्थ रहन्छन् ।"१२

जनवादी केन्द्रीयता भनेको पार्टी संगठन र त्यसका कार्यहरुको संचालन गर्ने एउटा विधि हो, जसले त्यसको समग्र आन्तरिक जीवनलाई सुव्यवस्थित र सुसंयोजित गर्दछ र पार्टी नेतृत्वलाई आम पार्टी सदस्यतासित एकजुट पार्दछ । पार्टीभित्र देखापर्ने नोकरशाही केन्द्रीयता वा जनवादविरोधी निरंकुशता र त्यस्तै अराजकतावाद र स्वच्छन्दतावाद त्यसका एकदमै विपरीत छन्, र ती पार्टी एकताका लागि हानिकारक रहन्छन् ।

अन्तरपार्टी जनवादको एउटा अति महत्वपूर्ण र अभिन्न पक्ष के हो भने पार्टी सदस्यहरुले कुनै पनि विषयमा छलफल गर्ने स्वतन्त्रता पाएका हुन्छन् र आफ्नो धारणा, मत र सुझाव प्रस्तुत गर्ने तिनीहरुको अधिकार रहन्छ । पार्टीद्वारा आयोजना गरिने सभा सम्मेलनहरुमा र पार्टी कमिटि बैठकहरुमा पार्टीका नीति र निर्णयहरुबारे छलफल गर्ने र खुल्लारुपमा आफ्नो विचार प्रस्तुत गर्ने तिनीहरुको अधिकारभित्रको कुरा रहन्छ ।

तर, पार्टी कार्यकर्ताहरुको उपरोक्त अधिकार कुनै निरपेक्ष वा अपरिमित अधिकार होइन, त्यसका केही आफ्नै सीमाहरु छन् । विचार प्रकट गर्ने स्वतन्त्रता छ भन्दैमा पार्टीद्वारा निर्धारित कार्यक्रम र त्यसका सामान्य कार्यदिशाका विपरीत विचारहरु प्रचार गर्ने छुट रहँदैन । पार्टीको वैचारिक तथा सांगठनिक एकतामा खलल पार्ने, त्यसलाई कमजोर पार्ने र त्यसको सामान्य राजनीतिक कार्यदिशाको खण्डन गर्ने, विचारलाई पार्टीभित्र प्रचार गर्ने खुल्ला छुट/अधिकार दिएमा त्यसले पार्टीको लागि ठूलो हानी पुऱ्याउँछ । यस सम्बन्धमा लेनिनले भनेका छन् :

हामी पार्टीभित्र मत व्यक्त गर्ने स्वतन्त्रता प्रदान गर्छौं" तर निश्चित सीमाहरुसम्म ....हामी पार्टीको बहुमतद्वारा अस्वीकृत गरिएका विचारका प्रचारकहरुसँग हातमा हात मिलाएर जान बाध्य छैनौं ।" १३

यसरी लेनिनले खास सीमाभित्र मात्र मत व्यक्त गर्ने अधिकार पार्टीमा रहने कुरा बताएका छन् । पार्टीद्वारा स्वीकृत विचारको विरोधमा प्रचार गर्ने पार्टीमा छुट दिन नहुने उनको विचार छ । यसलाई लेनिनको तल उद्धृत भनाइले अरु स्पष्ट पार्दछ । उनले भनेका छन् : "पार्टी एउटा ऐच्छिक संगठन हो, र यदि त्यसले पार्टीविरोधी विचारहरुको वकालत गर्ने मानिसहरुलाई आफूबाट हटाएन भने, पार्टी अनिवार्य रुपबाट, पहिले सैद्धान्तिक रुपले र अनि भौतिक रुपले फुट्ने छ । पार्टी र पार्टीविरोधीलाई छुट्याउने सीमारेखा भनेको पार्टी कार्यक्रम, पार्टीका कार्यनीति, प्रस्ताव तथा त्यसका नियमहरु, अन्तर्राष्ट्रिय सामाजिक जनवादको सम्पूर्ण अनुभव, सर्वहारावर्गका ऐच्छिक, अन्तर्राष्ट्रिय संगठनहरु हुन् ।" १४

पार्टीका नीति तथा स्थितिलाई लिएर पार्टीभित्र छलफल र आलोचना गर्ने अधिकार सदस्यहरुलाई रहेको हुन्छ, अर्थात् पार्टीभित्र आलोचनाको स्वतन्त्रात्मक रहन्छ । तर, त्यस्तो छलफल र आलोचना सैद्धान्तिक र मैत्रीपूर्ण हुनु आवश्यक छ र त्यो पार्टीलाई सुधार्ने र त्यसमा रहेका कमीकमजोरहरुलाई हटाउने र यसरी पार्टीको सैद्धान्तिक र सांगठनिक एकतालाई अरु सुदृढ पार्ने उद्देश्यबाट प्रेरित हुनुपर्छ । पार्टीभित्र आलोचना कुने सीमाभित्र हुनुपर्ने र त्यसले कार्यगत एकतामा कुनै बाधा वा आच पार्न नहुने कुरामा उनको जोड रहेको छ । उनले भनेका छन् : "पार्टी कार्यक्रमका सिद्धान्तहरुको सीमाभित्र पार्टी सभाहरुमा मात्र होइन, सार्वजनिक सभाहरुमा आलोचना बिलकुल स्वतन्त्र हुनुपर्छ । यस्तो आलोचना वा यस्तो आन्दोलन(किनभने आलोचना आन्दोलनबाट अभिन्न छ) लाई मनाही गर्न सकिदैन । पार्टीको राजनीतिक कार्य एकतावद्ध हुनुपर्छ । निश्चित कार्यहरुको एकताको उलंघन गर्ने कुनै पनि आह्वानहरु या त सार्वजनिक सभामा, या पार्टी बैठकमा या पार्टी प्रेसमा सह्य हुन सक्दैनन् ।"

अगाडि उनी भन्दछन्, जनवादी केन्द्रियताको सिद्धान्त र स्थानीय पार्टी संगठनका लागि स्वायत्तताले आलोचना गर्ने सर्वव्यापी र पूर्ण स्वतन्त्रतालाई इंगित गर्दछ, जबसम्म त्यसले कुनै निश्चित कार्यको एकतालाई बिथोल्दैन । त्यसले यस्ता सारा आलोचनालाई बहिष्कार गर्छ, जसले पार्टीबाट निर्णय गरिएको कार्यको एकतालाई बिगार्छ वा कठिन बनाउछ"१५

आलोचना गर्ने स्वतन्त्रता अन्तरपार्टी जनवादको एउटा महत्वपूर्ण पक्ष हो, तर त्यसको प्रयोग ठीक ढंगबाट र ठीक दिशामा र विषयगत हुनु एकदमै जरुरत रहन्छ । त्यसको प्रयोग गलत ढंगबाट हुने गरेका घटनाहरु छन्, जब आलोचकहरुले "आलोचनाको स्वतन्त्रता"को नाउँमा पार्टीका राजनीतिक दिशा र कार्यनीति र मार्क्सवादका आधारभूत प्रस्थापनाहरुसमेतको विरोध गर्दछन् । यो वास्तवमा उक्त "स्वतन्त्र" को गलत प्रयोग हो । लेनिनले त्यस्तो खालको आलोचनात्मक प्रवृत्तिलाई विरोध गरी त्यसलाई पार्टीमा छुट दिन नहुने बताएका छन् । उनले लेखेका छन् ।

"जो व्यक्ति जानाजान आफ्नो आँखा बन्द गर्दैन, उनले कुन कुरालाई नदेखिरहन सक्दैनन् भने समाजवादमा रहेको नयाँ "आलोचनात्मक" प्रवृत्ति एउटा नयाँ रुपले अवसरवादभन्दा बढी पनि होइन घटी पनि होइन । यदि हामी मानिसहरुले लगाएका चमकदार पोशाक वा आफूलाई दिने ओजस्वी नामको आधारमा होइन, बरु तिनीहरुले जाँच गर्छौं भने, कुन कुरा स्पष्ट हुन्छ कि 'आलोचनाको स्वतन्त्रता' को अर्थ सामाजिक जनवादमा एउटा अवसरवादी प्रवृत्तिका लागि स्वतन्त्रता, सामाजिक जनवादलाई जनवादी सुधारको पार्टीमा फेर्ने स्वतन्त्रता, समाजवादभित्र पुँजीवादी विचार तथा पुँजीवादी तत्वहरुलाई घुसाउने स्वतन्त्रता हुन जान्छ । १६

आलोचनाको स्वतन्त्रतालाई पार्टीद्वारा निर्धारित कार्यदिशा तथा कार्यनीतिको विरोध गर्ने, पार्टीको सिद्धान्तको विरुद्ध प्रचार गर्ने, राजनीतिक कार्यवाहीको एकतालाई बिथोल्ने स्वतन्त्रताको रुपमा कसै कसैले लिने गरेको र अवसरवादी उद्देश्यमा त्यसको प्रयोग गर्न खोजेको तथ्यलाई माथि उल्लेख गरिएको छ । उक्त अवसरवादी प्रवृत्तिलाई पार्टीमा छुट दिन नहुने विचार व्यक्त गर्दै, लेनिनले पार्टीमा विचार र कार्यमा एकता अर्थात् एकनिष्ठता हुनुपर्ने कुरामा जोड दिएका छन् । पुँजीवादी मनस्थितिको एउटा विशेषतास्वरुप पाइने विचारमा असंगति तथा खिचडीपन र दृष्टिकोणमा ढुलमुलपन पार्टीको लागि निकै हानिकारक हुनाले उनी त्यसका दृढ विरोधी थिए ।

आलोचना-आत्मालोचनाको सिद्धान्त जनवादी-केन्द्रीयताको एउटा प्रमुख तत्व हो । पार्टीभित्र आलचेना गर्ने र राय व्यक्त गर्ने सम्बन्धमा माथि चर्चा गरिसकिएको छ । पार्टी सदस्य र कार्यकर्ताहरुले सम्बन्धित विषयमा केन्द्रीत रही आफूलाई लागेको कुरा साहसका साथ बोल्ने, आलोचनात्मक ढंगबाट सोच्ने र पुरा जिम्मेवारीको भावका साथ पार्टी नीति तथा गतिविधि, सम्बन्धित विचार व्यक्त गर्नु आवश्यक छ, र त्यसमा पार्टीले उनीहरुलाई प्रोत्साहित गर्नुपर्छ । त्यसको लागि पार्टीद्वारा दिइने प्रोत्साहन अन्तरपार्टी जनवादको विकासको लागि एउटा महत्वपूर्ण तत्व हो । यसमा एउटा अति आवश्यक कुरा के छ भने नेतृत्वकारी नियकायहरुमा रहेका नेताहरुले सदस्यहरुको आलोचनाप्रति गम्भीर चासो र ध्यान दिनुपर्छ र तिनीहरुको आलोचना र सुझावलाई सकार्न मानसिकरुपले तयार रहनु पर्छ । अरुबाट हुने आलोचना र सुझावप्रति बेवास्ता गर्ने र आलोचनाप्रति नराम्रो भावना लिने गरेमा अन्तरपार्टी जनवादको सफल प्रयोग हुन सक्दैन ।

लेनिनले आत्मालोचनाको आवश्यकता र महत्वमा निकै जोड दिएको छ र कस्तो विचार व्यक्त गरेका छन् भने त्यसको प्रयोग कम्युनिष्ट अन्य पार्टीहरुबाट छुट्याउने एउटा महत्वपूर्ण चिन्ह हो । उनको भनाइ छ :

"आफूले गरेको गल्तीप्रति कुनै राजनीतिक पार्टीले अपनाउने दृष्टिकोण त्यो पार्टी कतिसम्म इमान्दार छ र त्यसले कुन रुपमा आफ्नो वर्ग तथा श्रमिक जनताप्रतिको आफ्नो दायित्वलाई पुरा गर्छ भन्ने कुरालाई जाँच्ने एउटा अत्यधिक महत्वपूर्ण तथा गंभीर उपाय हो । गल्तीलाई खुलस्तरुपमा सकार्नु, गल्ति हुनाको कारणलाई निश्चित गर्नु, कुन स्थितिमा गल्ती हुन गएको हो, त्यसको विश्लेषण गर्नु, त्यसलाई सुधार्नका लागि उपाय पत्ता लाउनु, यो नै एउटा गंभीर पार्टीको चिन्ह हो । र, त्यसले आफ्नो वर्ग र जनसमुदायहरुलाई शिक्षित र प्रशिक्षित पार्नुपर्छ ।" १७

पार्टीमा आत्मालोचनाको विवेकपूर्ण व्यवहारिक प्रयोग त्यसको एउटा प्रमुख पहिचान हो । यस सम्बन्धमा नेतृत्वकारी कमिटिका सदस्यहरुले सर्वप्रथम आफूबाट भएका कमजोरी तथा गल्तीहरुलाई लिएर आत्मालोचक बन्नुपर्छ र त्यसमा तिनीहरुले दृष्टान्त प्रस्तुत गर्नुपर्छ । यसले तलका सदस्यहरुमा आत्मालोचनाको प्रवृत्तिको किवास गर्नमा ठूलो प्रेरणा र सहयोग प्रदान गर्नेछ । त्यसको अर्थ के हो भने पार्टीभित्र जनवाद र आत्मालोचनाको प्रयोगलाई व्यापक बनाउन नेतृत्वमा रहेका कार्यकर्ताहरुको ठूलो जिम्मेवारी र भूमिका रहन्छ ।

अर्को कुरा लेनिनले सत्यलाई आम श्रमिक जनताबाट लुकाउन नहुने बरु सत्यलाई तिनीहरुका सामु खुलस्त राख्नुपर्ने कुरामा जोड दिएका छन् । सर्वहारावर्गको लागि सत्य मात्र हितकार हुने कुरालाई औल्याउँदै उनले आफूले जस्तोसुकै कटु भए पनि सत्य कुरो जनतालाई बताएर आएको उल्लेख गरेका छन् । उनले कुन कुरो बडो जोडका साथ बताएका छन् भने जनतालाई सत्य बताउनु सर्वहारा नेताको एउटा महत्वपूर्ण पहिचान हो । जनतालाई सत्य कुरा बताउन नचाहने वा डराउने नेताहरुलाई इंगित गर्दै उनले भनेका छन् :

तपाईं पूँजीवादी तरिकाबाट सर्वहारा नीतिको अनुसरण गर्न चाहनुहुन्छ । जो नेताहरु आफ्नो मण्डलभित्र आफ्नो बीचमा सत्यलाई जानका हुन्छन् र आम जनतालाई अज्ञानी र मन्दबुद्धिका ठानेर सो सत्य उनीहरुलाई बताउँदैनन् । तिनीहरु सर्वहारा नेता होइनन् । साँचो कुरा बोल्नोस्.....शत्रुलाई धोका दिनका लागि जनताप्रति वेइमानी हुनु भनेको एउटा बेवकुफी तथा कुबुद्धियुक्त नीति हो । सर्वहारावर्गलाई सत्य चाहिएको छ, र त्यसको लक्ष्यका लागि सौजन्ययुक्त निम्न पुँजीवादी झुटभन्दा बढी हानिकारक अर्को कुनै कुरो छैन ।" १८

उपरोक्त सम्बन्धमा लेनिनको शिक्षाको सार के छ भने सर्वहारा नेताहरुले जनतासित खेलवाड वा छलछाम गर्नुहुन्न र लोकाचारी व्यवहार गर्नु कदापी हुन्न । पार्टीले सामना गर्नुपरेका अपठ्याराहरु र त्यसका कमीकमजोरीहरु नलुकाइकन वा शब्दजाल बनाएर झुटो सन्देश दिने नगरिकन जनतालाई सत्य कुरा बताउनु पर्छ ।

पार्टी नेताहरुले कटु सत्य जनतालाई बताउने नीति अनुसरण गर्नपर्ने उनको उपदेश छ । उनी भन्छन् :

"सत्याग्रासो (रुउभअष्यगक) वाक्यांशको मद्दतले कुनै नरमाइलो सत्यलाई छोप्नु सर्वहारावर्गको लक्ष्यको लागि र श्रमिक जनताको लक्ष्यको लागि अत्यधिक हानिकारक र अत्यधिक खतरनाक छ । जतिसुकै कटु भए पनि सत्यको विनाछल सामना गर्नैपर्छ । यस आवश्यकतालाई पुरा नगर्ने नीति विनाशकारी नीति हो ।"१९

सत्यमा टिक्नु र जनतालाई सत्य कुरा बताउनु र आफ्ना गल्तीप्रति आत्मालोचक भएर त्यसलाई सच्याउनु सर्वहारावर्गको अगुवाको रुपमा पार्टीले पुरा गर्नुपर्ने महत्वपूर्ण दायित्व हो । यो समग्र पार्टी र पार्टी सदस्यहरुले श्रमिक जनताप्रति अपनाउनुपर्ने सही दृष्टिकोणको अंग पनि हो ।

कम्युनिष्ट पार्टीमा कडा अनुशासनको आवश्यकतामा कम्युनिष्टहरुमाझ दुईमत रहेको पाईदैन । सर्वहारावर्गको पार्टीको हैसियतले त्यसले आफ्नो जिम्मेवारीलाई पुरा गर्नसक्नुका लागि अनुशासन एउटा अपरिहार्य सर्त रहन्छ । लेनिनले त्यसको अपरिहार्यतामा निकै जोड दिएका छन् । उनको भनाइ छ : चारैतिरबाट सर्वहारावर्गलाई घेरिराखेको निम्न पूँजीवादी वातावरणले "सर्वहारावर्गलाई छिचोल्छ र भ्रष्ट पार्छ र निरन्तर रुपबाट सर्वहारावर्ग निम्नपूँजीवादी लुलोपन, बेमेल, व्यक्तिवाद र पालैपालो गरी आत्मविभोरता र नैराश्यका भावहरु पैदा गर्छ । त्यसलाई पराजित गर्नका लागि र सही ढंगले सफलतापूर्वक र विजयी ढंगबाट सर्वहारावर्गको राजनीतिक पार्टीभित्र कठोरतम केन्द्रीयकरण र अनुशासन आवश्यक छ ।" २०

अनुशासन कायम गर्न पुरा गर्नुपर्ने जुन सर्तहरुको लेनिनले उल्लेख गरेका छन्, ती निकै महत्वपूर्ण छन् । सर्वहारावर्गको पार्टीमा मानिने अनुशासन अन्धभक्त भएर मानिने वा दासको आज्ञाकारिताको आधारमा मानिने अनुशासन होइन, बरु त्यो सचेत रुपबाट स्वेच्छाले र नेतृत्व र कार्यदिशाको औचित्यप्रति गहिरो विश्वासबाट मानिने शासन हो । साँच्चै भन्ने हो भने सर्वहारावर्गको पार्टीको तागतको एउटा प्रमुख स्रोत भनेको त्यसका सदस्यहरुद्वारा पालन गरिने सचेत तथा ऐच्छिक अनुशासन हो । पार्टी सदस्यहरु जति बढी मात्रामा संगठित, सचेत र असुशासित रहन्छन्, त्यस्तै न पार्टीको तागत, त्यसको लडाकु क्षमता, त्यसको भूमिकाको प्रभावकारिता पनि रहन्छ ।

सर्वहारावर्गको पार्टीमा विभिन्न सैद्धान्तिक सवालहरुमा, त्यसका रणनीतिक तथा कार्यनीतिक दिशासित सम्बन्धित सवालहरुसँग विभिन्न नीतिहरुको कार्यान्वयनका सवालहरुमा मतभेदहरु उत्पन्न हुन्छन् । विचलनहरु त्यसबेला देखापर्छन्, जब पार्टी सदस्यहरुको कुनै अंग मार्क्सवादका सिद्धान्तहरु र पार्टीद्वारा निर्धारित कार्यदिशा र नीतिहरुबाट विचलित हुन्छन् । यसबारे लेनिनको यस्तो भनाई छ : "विचलन भनेको पूर्ण विकसित भइसकेको धारा होइन । विचलन भनेको त्यस्तो कुनै चिज हो, जसलाई सच्याउन सकिन्छ । मानिसहरु बाटोबाट बहकिएका छन् वा बहकिन थालिरहेका छन् ।" २१

पार्टीभित्र देखापर्ने विचलनहरु खासरुपले दुईओटा छन् : दक्षिणपन्थी विचलन र वामपन्थी विचलन । यी पार्टीभित्र गैरसर्वहारा विचारधाराहरुका प्रतिविम्ब हुन् । यसरी विचलन देखापरेपछि सैद्धान्तिक आधारमा त्यसका विरुद्ध संघर्ष चलाएर त्यसलाई सच्याउनु पर्छ । सिद्धान्तका आधारमा छलफल तथा संघर्षद्वारा विचलित भएका कामरेडहरुलाई सही बाटोमा ल्याउन प्रयत्न गरिनु आवश्यक छ । यदि त्यस्तो संघर्ष नचलाइकन र समयमा त्यसलाई नहटाइकन रहन दिने हो भने त्यसले आफूलाई खतरनाक रुपमा विकसित गर्न सक्छ । सुरुमा त्यस्तो विचलन सानो र नगण्यजस्तो भए पनि कुनै खास अवस्थाहरुमा त्यसले वैचारिक रुपमा मात्र होइन, सांगठनिक रुपमा पनि आफूलाई एउटा गुटको रुपमा अर्थात् आफ्नै छुट्टै मञ्च र व्यवस्था भएको समूहको रुपमा स्थापित गर्न सक्छ । गुटको रुप लिएपछि, त्यसका सदस्यहरुले पार्टी अनुशासनको उलंघन गर्दछन् । बहुमतको निर्णय मान्न इन्कार गर्छन् र पार्टीभित्रबाट पार्टी विरोधी गतिविधि चलाउँछन् र यसरी पार्टीमा फाटो ल्याउन खोज्छन् । वास्तवमा गुटबन्दीले क्रान्तिविरोधी शक्तिहरुको सेवा गर्छ र त्यो पार्टीको सैदान्तिक तथा सांगठनिक एकताको लागि बडो हानिकारक छ ।

तसर्थ, लेनिनले पार्टीमा गुटबन्दीलाई स्थान दिन नहुने र त्यसको दृढरुपमा विरोध गर्नुपर्ने बताउँछन् । उनी लेख्छन् : "सबै वर्गसमेत मजदूरहरुले कुन कुरालाई स्पष्टसित बुझ्नु पर्छ भने सबै खालको गुटबन्दी हानिकारक र आग्रहय छ, किनभने वैयक्तिक समूहहरुको सदस्यहरुले पार्टी एकतालाई सुरक्षित पार्न जतिसुकै चाहे पनि गुटबन्दीले व्यवहारमा अनिवार्यरुपबाट एकतालाई कमजोर पार्छ र शत्रुहरुको तर्फबाट फाटोलाई फराकिलो पनि र त्यसलाई क्रान्तिविरोधी उद्देश्यमा प्रयोग गरिने तीव्रता र निरन्तर प्रयत्नलाई पैदा गर्छ ।" २२

उपरोक्त सम्बन्धमा, कम्युनिष्ट पार्टी क्रान्तिकारीहरुको संगठित दस्ता हो, र यसमा गुटबन्दीलाई कुनै स्थान दिइनुहुन्न । पार्टीले आफ्नोभित्र देखापर्ने अवसरवादी विचलन तथा गुटबन्दीहरुको दृढरुपमा संघर्ष चलाई पार्टी एकतालाई जब्बर पार्नुपर्छ । पार्टीको आन्तरिक जीवनमा पार्टी सदस्यहरुको वैचारिक तथा सांगठनिक एकता, तिनीहरुको विचार र कारबाहीमा एकबद्धता र उच्च सचेतनायुक्त अनुशासन हुनुपर्ने र त्यसलाई सुदृढ पार्नुपर्ने कुरामा पार्टी संगठनसम्बन्धी लेनिनवादी सिद्धान्तको सार रहेको छ ।

***सन्दर्भ सामाग्री***


*११. लेनिन, "संकलित रचनाहरु ", भाग ११, पृष्ठ २०७ ।*

*१२. लेनिन, "संकलित रचनाहरु ", भाग ११, पृष्ठ ४३७ ।*

*१३. लेनिन, "संकलित रचनाहरु ", भाग १५, पृष्ठ ४०९ ।*

*१४. लेनिन, "संकलित रचनाहरु ", भाग १०, पृष्ठ ४७ ।*

*१५. लेनिन, "संकलित रचनाहरु ", भाग ५, पृष्ठ ३५५ ।*

*१६. लेनिन, "संकलित रचनाहरु ", भाग ५, ३५५ ।*

*१७. लेनिन, "संकलित रचनाहरु ", भाग ३१, पृष्ठ ५७ ।*

*१८. कृष्णदास,"पार्टी संगठनका समस्याहरु", पृष्ठ ५०बाट उद्धृत ।*

*१९. लेनिन, "संकलित रचना", भाग १४, पृष्ठ ३४ ।*

*२०. लेनिन, "संकलित रचना", भाग ३१, पृष्ठ ४४ ।*

*२१. लेनिन, "संकलित रचना", भाग ३२, पृष्ठ २५१ ।*

*२२. लेनिन, "संकलित रचना", भाग ३२, पृष्ठ २४१ ।*

# टोखा , तारकेश्वर र बुढानिलकण्ठ नगर पालिकाको प्रतिक्रियावादी स्थानीय निर्वाचन बहिष्कार अभियानलाई निरन्तरता दिने निर्णय



❑ **टोखा संवाददाता**

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी ( क्रान्तिकारी माओवादी ) टोखा , तारकेश्वर र बुढानिलकण्ठ नगर पालिकाको प्रतिक्रियावादी स्थानीय निर्वाचन बहिष्कार अभियान दलक बैठक अभियान दलका का संयोजक कमरेड प्रवीणको अध्यक्षतामा र अभियानका कमाण्डर कमरेड रीनाको विशेष उपस्थितिमा बस्यो ।

उक्त बैठकले आजसम्म गरेका कथित स्थानीय निर्वाचन बहिष्कार अभियान अन्तर्गतका कार्यक्रमहररुलाई निरन्तरता दिने र बहिष्कार अभियानका कोणसभा , विरोधसभा, विरोध जुलुस , वालिङ , पोस्टर टाँस्ने , भ्रष्ट संसदीय व्यवस्थाको भण्डाफोर अभियानलाई तीव्रता दिने , प्रचारप्रसार समिति , आर्थिक समिति र व्यवस्थापन समितिहरूका कामलाई थप व्यवस्थित गर्ने र बहिष्कार अभियानका विविध कार्यक्रमहरूलाई थप तीव्रता दिने र बहिष्कार अभियानका सबै कार्यक्रमहरूलाई सशक्त ढंगले अगाडि बढाउने निर्णय गरिएको बारेमा हाम्रा टोखा सम्वाददाताले जानकारी गराएका छन् ।

## कालीकोटमा स्थानीय निर्वाचन बहिष्कारसम्बन्धी काममा सम्लग्न भएकोमा जिल्ला इन्चार्ज कर्ण विसीसहित विद्यार्थी नेता नेत्र शाही गिरफतार



कालीकोट । आज विहानै नेकपा(क्रान्तिकारी माओवादी)ले स्थानीय निर्वाचन बहिष्कार सम्वन्धी पोष्टरिंग गर्ने क्रममा नेकपा(क्रान्तिकारी माओवादी)का कालीकोट जिल्ला इन्चार्ज कर्णबहादुर विसीसहितविद्यार्थी नेता नेत्र शाही गिरफतार गरिएका छन् र उहाँहरूलाई जिल्ला प्रहरी कार्यालयमा राखिएको जानकारी भरखरै प्राप्त भएको छ ।

नेकपा(क्रान्तिकारी माओवादी) कालीकोट जिल्ला इन्चार्ज कर्णबहादुर विसीसँग फोन सम्पर्कगर्दा उहाँले बहिष्कार सम्वन्धी कुनै पनि काम गर्न निषेध गरिएको छ, नगर्नुस भनिरहेको छ तर प्रहरी इन्चार्ज बाहिर गएकोले उनीसँग छलफल गर्न नपाएको जानकारी पनि दिनु भयो ।

## सिन्धुली जिल्लाको गोलञ्जोरको ग्वालटार बजारबाट पर्चा वितरण, पोष्टर टाँस्ने र ब्यानर टाङ्ने कार्यमा निरन्तरता

सिन्धुली । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) सिन्धुली जिल्ला समितिको चुनाव बहिष्कार अभियान अन्तरगत आज गोलञ्जोरको ग्वालटार बजारबाट पर्चा वितरण, पोष्टर टाँस्ने र ब्यानर टाङ्ने कार्य भैरहेको छ,,स्थानीय चुनाव बहिष्कार सिन्धुली जिल्ला अभियान दलको नेतृत्व जिल्ला ईन्चार्ज जिवन, ईलाका ईन्चार्ज हिमाल, सेक्रेटरी पथिक र सदस्यहरू रमेस,सुरेश,संग्राम, भक्त, अनिल,कृष्ण, लोकेन्द्र, धननजय




सहित अभियानमा सहभागी हुनुहुन्छ ।

## अछाम जिल्लामा पनि स्थानीय निर्वाचन बहिष्कारका पोष्टहरू तथा पर्चा वितरण कार्यक्रम संचालन

अछाम । अछाम जिल्लामा पनि स्थानीय निर्वाचन बहिष्कारका पोष्टहरू तथा पर्चा वितरण कार्यक्रम संचालन गरिएको जानकारी प्राप्त भएको छ ।

यही बैशाख १० गते नेकपा(क्रान्तिकारी माओवादी)ले अछाम जिल्ला को रामारोशन गाउँ पालिकामा पोष्ट टास्ने तथा पर्चा वितरण गर्ने कार्यक्रम सम्पन्न भयो ।



## रूकुमको आठविसकोटमा स्थानीय बहिष्कारसम्बन्धी नगरपालिकामा पोष्टरिंगका कार्य तीव्रता



पश्चिम रुकुम ।। मिति २०७९ वैशाख ८ गते पश्चिम रुकुमको आठविसकोट नगरपनलिकामा नेकपा(क्रान्तिकारी माओवादी)ले स्थानीय निर्वाचन बहिष्कार गरौ नयाँ जनवादी क्रान्तिको तैयारी गरौ लेखिएका पोष्टरहरू टास्ने र पर्चा वितरण गर्ने काम भयो ।


## बाँकेमा स्थानीय निर्वाचन बहिस्कार सभा सम्पन्न

बाँके । नेकपा (क्रान्तिकारी माओवादी) लुम्बिनी प्रदेश समितिको आयोजनामा संचालन गरेको कथित स्थानीय निर्वाचन बहिष्कार अभियानद्वारा विरोध सभा सम्पन्न गरिएको छ । उक्त विरोध सभा शनिबार बाँके जिल्ला अन्तर्गत खजुराको सिमलघारीमा सम्पन्न भएको हो । सो कार्यक्रमको अध्यक्षता बाँके जिल्ला सचिव अमिटले गर्नु भएको थियो । कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी) का पिवीएम एवं लुम्बिनी प्रदेश सचिव भुपेन्द्र न्यौपाने प्रमुख अतिथि हुनुहुन्थ्यो । साथै , अतिथि केन्द्रीय समिति सदस्यहरू




समीर केसी , बिपीन र लक्ष्मी रहनु भएको थियो । कार्यक्रममा प्रमुख वक्ता न्यौपानेले सम्बोधन गर्नु भएको थियो । साथै, अतिथि समीर केसीले पनि मन्तव्य राख्नु भएको थियो । उहाँहरूले पार्टी केन्द्रीय समितिको बैठकले लिएको निर्णय कार्यान्वयन गर्ने सन्दर्भमा बहिष्कार अभियान सशक्त रूपमा अगाडि बढिरहेको छ भन्दै संसदवादी प्रतिक्रियावादी दलालहरूलाई निषेध गर्ने र जनादेश सहित नयाँ क्रान्तिकारी सत्ता, सरकार निर्माण गर्न कथित स्थानीय तहको निर्वाचन बहिष्कार अभियान संचालन गरिएको बताउनु भयो ।

## महालक्ष्मी नगरपालिकामा नेकपा(क्रान्तिकारी माओवादी)व्दारा स्थानीय निर्वाचन बहिष्कार प्रचार अभियानलाई दियो तीव्रता



ललितपुर । ललितपुर जिल्लामा पर्ने महालक्ष्मी नगरपालिकामा नेकपा(क्रान्तिकारी माओवादी) ललितपुर जिल्लाले पूर्व घोषित स्थानीय निर्वाचन बहिष्कार प्रचार अभियानलाई तीव्र बनाएको छ । महालक्ष्मी नगरपालिका वडा नं. १ ग्वार्कोबाट सुरु गरिएको प्रचार अभियान महालक्ष्मी नगरपालिकाको कार्यालयमा पुगेर समापन गरिएको थियो ।

त्यसक्रममा पर्चा वितरण गर्ने, पोष्टर टाँस्ने, स्थानीय जनतासँग भेटघाटका कार्यक्रमहरू गरिएका थिए । प्र.डा. जगदिशचन्द्र भण्डारीको नेतृत्वमा सञ्चालित,स्थानीय निर्वाचन बहिष्कार प्रचार अभियानको टोलीमा श्याम के.सी., इन्दीरा अधिकारी, जगदिश्वर महर्जन, निरज महर्जनलगायत विद्यार्थी तथा पत्रकारहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

आउदो बैशाख १० र ११ गते स्थानीय निर्वाचन बहिष्कार प्रचार अभियानलाई ललितपुरकै हरिसिद्धि क्षेत्रमा केन्द्रीत गर्ने जानकारी पनि अभियानमा संलग्न हाम्रा सम्वाददाता कुमार भट्टराई ले जानकारी दिनु भएको छ ।

## लुम्बिनी प्रदेश समितिको स्थानीय निर्वाचन बहिष्कार कार्यक्रम तीब्ररुपमा अगाडि बढ्दै

### १५३औं लेनीन जयन्ती तथा नेकपाको स्थापना दिवस र संसदवाद वारे विषयक एक अन्तरक्रिया कार्यक्रम सम्पन्न

बुटवल । नेकपा नेकपा(क्रान्तिकारी माओवादी) लुम्बिनी प्रदेशको १२ वटा जिल्लामा आगामी वैशाख ३० गते हुने भनिएको स्थानिय तहको निर्वाचनलाई बहिष्कार कार्यक्रम ३ वटा टोली मध्ये पूर्वी टोलीको कमाण्ड गर्दै पिविएम धनेश्वर पोखे्रल गुल्मी, पाल्पा हुँदै रूपन्देहीको बुटवल आइपुगेको समाचार प्राप्त भएको छ ।

त्यसैगरी पश्चिम कमाण्डको टोली पिविएम तथा लुम्बिनी प्रदेश सचिव भुपेन्द्र न्यौपानेको नेतृत्वमा बर्दीयाको राजापुरबाट बहिष्कार अभियानको उद्घाटन गर्दै प्रहरी धरपकड सहित विभिन्न वाधा अवरोधहरूका बावजुद् बाँकेको खजुरा आइपुगेको हामीलाई जानकारी प्राप्त भएको छ ।




यसैगरी रूपन्देहीको बुटवलमा १५३औं लेनीन जयन्ती तथा नेकपाको स्थापना दिवस र संसदवाद वारे विषयक एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रम नेकपा(क्रान्तिकारी माओवादी) का स्थाइ समिति सदस्य का रामसिंह श्रीसको प्रमुख आतिथ्यमा सम्पन्न भएको उक्त कार्यक्रम नेकपा(क्रान्तिकारी माओवादी) , नेकपा (मसाल) समन्वय समिति र मार्क्सवादी विचार मञ्चको संयुक्त आयोजनामा सम्पन्न भएको हो ।

कार्यक्रमको अवधारणा-पत्र मार्क्सवादी विचार मञ्चका अध्यक्ष युवराज पन्थीले प्रस्तुत् गर्नु भएको थियो भने त्यसमा पार्टीको तर्फबाट नेकपा(क्रान्तिकारी माओवादी) का स्थाइ समिति सदस्य रामसिंह श्रीस र राष्ट्रिय जनमोर्चा समन्वय समितिका अध्यक्ष कृष्ण पौडेलले धारणा राख्नु भएको थियो । कार्यक्रमको अध्यक्षता नेकपा(क्रान्तिकारी माओवादी) का लुम्बिनी प्रदेश सदस्य लक्ष्मीकान्त पौडेल गर्नुका साथै स्वागत नेकपा नेकपा (मसाल) बावुराम आचार्य र सञ्चालन मार्क्सवादी विचार मञ्चका पदम कार्कीले गर्नु भएको थियो ।

# अतिरिक्त मूल्य र समाजवादी अर्थव्यवस्था



● रामराजा रेग्मी ●

***मजदुर र पुँजीपतिले १० घण्टाको समय तोकी त्यसका लागि रू १००० ज्याला निर्धारण गर्दछन् । तर मजदुरले यो १० घण्टामा रू.२००० बराबरको माल उत्पादन गर्दछ । यसअनुसार मजदुरको ज्याला बराबरको श्रमकाल केवल ५ घण्टा हुन्छ । उक्त श्रमकाल आवश्यक श्रमकाल हो । ज्याला वापत उसले यो गर्नै पर्ने हुन्छ । बाँकि ५ घण्टाको श्रमकालमा भने मजदुरले सित्तैमा काम गर्नु पर्ने हुन्छ । यस अतिरिक्त श्रमकालमा आर्जित गरेको मालको मूल्य 'अतिरिक्त मूल्य' (क्यचउगिक ख्बगिभ) हो जुन पुँजीपतिको गोजीमा जान्छ । यो नै पुँजीपतिको नाफा हो । यसरी पुँजीपतिले मजदुरको श्रमबाटै नाफा आर्जन गर्दछ***

*अतिरिक्त मूल्य*

१. अतिरिक्त मूल्य पुँजीवादी उत्पादन पद्धति अन्तर्गत पुँजीपतिले मजदुरको श्रमबाट नाफा आर्जन गर्ने एक तरिका हो । मार्क्सले आफ्नो विश्वप्रसिद्ध 'पूँजी' मार्फत् पहिलोपटक अतिरिक्त मूल्यको रहस्योद्घाटन गरेका थिए ।

२. प्रत्येक उत्पादन पद्धतिमा (Mode of Production) 'उत्पादक शक्ति' र 'उत्पादन सम्बन्ध' यी दुई विपरित पक्ष हुन्छन् । यिनै पक्षहरूको आपसी सङ्घर्ष र अन्तर्क्रियाका कारण एउटा निश्चित सामाजिक व्यवस्था बिघटन हुने, अर्को नयाँले जन्म लिने त्यसको आर्थिक आधार खडा हुने र आर्थिक आधारको जगमा राजनीति, धर्म, संस्कृति जस्ता उपरी संरचनाको निर्माण हुने गर्दछ ।

३. पुँजीवादी उत्पादन पद्धतिका दुई विपरित पक्षको सवालमा 'उत्पादक शक्ति' (Productive Force) भनेको उत्पादन कार्यमा उत्पादनका साधन (कामको लागि प्रयोगमा आउने साधनहरू जस्तो कि मेशिन, औजार, प्रविधि आदि) चलाउने सर्वहारा वर्ग हो । उत्पादक शक्तिमा निर्जीव साधनको भन्दा पनि तिनलाई सञ्चालन गर्ने शिपयुक्त मजदुरको भूमिका प्रमुख हुन्छ । उत्पादन कार्यका सिलसिलामा मजदुर उत्पादनका साधनमा स्वामित्व कायम गर्ने पुँजीपति वर्गसँग उत्पादन सम्बन्धमा जोडिन पुग्छ । वर्गीय समाजमा 'उत्पादन सम्बन्ध' (Relation of Production) भनेको हुने र नहुनेबीचको सम्पत्ति सम्बन्ध (Property Relation) हो ।

४. पुँजीवादी उत्पादन प्रक्रियामा सबैभन्दा पहिले हुने दुई पक्षबीचको संझौता बमोजिमको ज्याला (Wages) निर्धारण हो । ज्याला भनेको पुँजीपतिले मजदुरको श्रमशक्तिको खरिद गरेवापत मजदुरलाई नगदमा दिने भुक्तानी हो ।

५. मजदुरले ज्यालावापत बेच्ने 'श्रम' (Labour) होइन, 'श्रमशक्ति' (Labour Power) हो । श्रम र श्रमशक्तिबीच भिन्नता छ । श्रम भनेको व्यक्तिले आफ्नो आवश्यकताको पूर्तिका लागि गर्ने काम हो । श्रमवापत मानिसले कुनै मूल्य पाउँदैन । पुँजीपतिलाई बेच्ने श्रम जसवापत मजदुरले मूल्य (ज्याला) प्राप्त गर्दछ, त्यो नै श्रमशक्ति हो ।

५. जुन वस्तु पुँजी बजारमा बेचिन्छ, त्यो 'माल' (Commodity) हो । मजदुरको श्रमशक्ति पुँजी बजारमा बेचिने हुनाले त्यो माल बन्न जान्छ । तर श्रमशक्ति अन्य मालभन्दा भिन्न एक अमूर्त माल हो । त्यो मजदुरको शारिरिक श्रम र मानसिक श्रमको कुल जोड हो ।

६. श्रमशक्ति दुई अवस्थामा मात्र माल बन्दछ :

क) श्रमशक्ति बेच्नका लागि मजदुर स्वतन्त्र हुनुपर्दछ । पुँजीवादी व्यवस्थामा नै उसले यो स्वतन्त्रताको हक पाएको हुन्छ । दासकालीन र सामन्तवादी उत्पादन पद्धतिमा श्रमिकहरू श्रमशक्ति बेच्न स्वतन्त्र थिएनन् । तिनको श्रमशक्तिमाथि दास मालिक र सामन्तको स्वामित्व थियो ।

ख) मजदुर सर्वहारा वर्गमा परिणत भएको हुनुपर्छ । उ सम्पूर्ण साधनस्रोतबाट बञ्चित हुनुपर्दछ र श्रमबाहेक बेच्नका लागि उसँग केही बाँकी हुनु हुँदैन ।

७. ज्याला निर्धारण अथवा श्रमशक्तिको खरिदबिक्री प्रक्रियामा एक आपसमा मोलतोल गरेको अवस्थामा श्रम शक्तिका मालिक मजदुर र नगद सम्पत्तिका मालिक पुँजीपति दुवैको हैसियत समान हुन्छ । समान हैसियत भएकाबीच नै लेनदेन हुने हो ।

८. श्रमशक्तिको खरिदको प्रक्रिया टूङ्गिएपछि दुईबीचको समान सम्बन्ध असमानतामा बदलिन्छ । श्रमशक्ति मजदुरको शरीरसँगै जोडिने माल हुँदा एउटा पक्ष आदेश दिने र कजाउने र अर्को पक्ष कजिने हुन जान्छ । बजारमा अन्य माल किने जस्तो क्रेता र विक्रेताबीचको तेर्सो (Horizontal) सम्बन्ध नभएर श्रमशक्तिको खरिदपछि ठाडो (Vertical) सम्बन्ध हुन जान्छ ।

९. धेरैले के सोच्दछन् भने मजदुरलाई दिएको ज्याला नै श्रमशक्तिको मूल्य हो । पुँजीपतिले यही दावी गर्दछ र मजदुरले पनि यही सोचेको हुन्छ । मजदुरले आफ्नो परिश्रमको मूल्य ज्यालामा भुक्तानी पाएको ठान्दछ । तर व्यवहारमा मजदुरले पुँजीपतिलाई श्रमशक्तिको मूल्यभन्दा बढी मूल्य उत्पादन गरिदिएर आफू ठगिएको हुन्छ । उसले श्रमशक्तिको पुरा मूल्य पाएको हुँदैन ।

१०. यही कुरालाई मार्क्सले अतिरिक्त मूल्यको सिद्धान्तद्वारा छर्लङ्ग पारिदिएका छन् । मार्क्सका अनुसार जसरी अरू मालको मूल्य त्यसमा खर्चिने श्रमकालका आधारमा निर्धारित हुन्छ, श्रमशक्ति पनि माल भएकाले यो काम गर्दा लागेको समय (श्रमकाल) का आधारमा निर्धारित हुनुपर्ने हो । तर श्रमशक्ति छुट्टै नदेखिने र मजदुरसँग जोडिने भएकाले यसलाई अरू माल झैं जोख्न या गन्न मिल्दैन । कति श्रमकालको ज्याला कति श्रमशक्ति बराबर हुन्छ, त्यो थाहा पाउन सकिँदैन । त्यस परिस्थितिको फाइदा पुँजीपतिले उठाउँछ । पुँजीपतिले ज्याला तोक्दा कम श्रमशक्तिको तोक्दछ तर दिनभरि काम गराएर अतिरिक्त श्रमशक्तिको मूल्य हडप्छ ।

११. यस सवाललाई उदाहरणद्वारा पुष्टि गर्न सकिन्छ । मानिलिउँ, मजदुर र पुँजीपतिले १० घण्टाको समय तोकी त्यसका लागि रु १००० ज्याला निर्धारण गर्दछन् । तर मजदुरले यो १० घण्टामा रु.२००० बराबरको माल उत्पादन गर्दछ । यसअनुसार मजदुरको ज्याला बराबरको श्रमकाल केवल ५ घण्टा हुन्छ । उक्त श्रमकाल आवश्यक श्रमकाल हो । ज्याला वापत उसले यो गर्नै पर्ने हुन्छ । बाँकि ५ घण्टाको श्रमकालमा भने मजदुरले सित्तैमा काम गर्नु पर्ने हुन्छ । यस अतिरिक्त श्रमकालमा आर्जित गरेको मालको मूल्य 'अतिरिक्त मूल्य' (क्यचउगिक ख्बगिभ) हो जुन पुँजीपतिको गोजीमा जान्छ । यो नै पुँजीपतिको नाफा हो । यसरी पुँजीपतिले मजदुरको श्रमबाटै नाफा आर्जन गर्दछ ।

१२. मजदुरको अतिरिक्त श्रमको मूल्य नै पुँजीपतिले प्राप्त गर्ने नाफा हो भन्ने कुरा कताबाट थाहा पाइन्छ त ? यो उत्पादित मालको बजार मूल्यबाट थाहा लाग्छ । पुँजी दुई प्रकारको हुन्छ - स्थिर र चल्ती । कारखाना मेशिन आदि स्थिर पुँजीमा पर्दछन् । स्थीर पुँजीले अतिरिक्त मूल्य उत्पादन गर्दैन, यो गर्ने चल्ती पुँजी (श्रमको भुक्तानी) ले नै हो । उत्पादनमा जति खर्च गर्यो त्यति नै मूल्य बराबरको माल उत्पादन हुने भए, कुनै पनि पुँजीपति उत्पादन कार्यमा सरिक हुने थिएन ।

## नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) सिन्धुली जिल्ला सातपत्रे ढकाल गाउँका ज्यामी– किसानहरूको भेला सम्पन्न

## भेलाले पार्टी स्थापना दिवस, लेनिन जयन्ती तथा स्थानीय चुनाव बहिष्कार कार्यदलवारे छलफल

निरु बस्नेतको अध्यक्षतामा अखिल नेपाल महिला संघ क्रान्तिकारीको ईकाई कमिटी गठन, तिलक बिकको अध्यक्षतामा क्रान्तिकारी युवा लिगको ईकाई कमिटी र श्याम बहादुर भुजेलको अध्यक्षतामा देजमो नेपालको ईकाई कमिटी गठन

सिन्धुली । बैशाख ९गते बेलुकी ६बजे देखि रातको १०बजेसंम्म सिन्धुली जिल्ला कमलामाई नगरपालिका वडा नम्बर ४का सातपत्रे ढकाल गाउँका ज्यामी किसानहरूको भेला नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) पार्टी केन्द्रीय समिति सदस्य तथा सिन्धुली जिल्ला ईन्चार्ज जीवनको प्रमुख आतिथ्यमा देशभक्त जनगणतान्त्रिक मोर्चाको जिल्ला अध्यक्ष ढक प्रसाद देवकोटाको सन्चालनमा पार्टी कमलामाई नगरपालिका ईन्चार्ज हरि बस्नेतको अध्यक्षतामा सम्पन्न भएको छ ।

सो भेलामा नेपाल कम्युनिष्ट पार्टीको ७३औ पार्टी स्थापना दिवस तथा १५३औ लेनिन जयन्ती भब्यरूपमा मनाइयो ।




स्थानीय चुनाव बहिष्कार अभियान दलको आयोजनामा सो कार्यक्रम सम्पन्न गरिएको हो ।

सो भेलाले निरु बस्नेतको अध्यक्षतामा मानकुमारी पोखरेल ,सीता भुजेल,बिष्णुमाया भुजेल,कमला तामाङ, सीता भुजेल,कुमारी भुजेल ,नानी भुजेल,ओलकुमारी बिक सदस्य रहनेगरी अखिल नेपाल महिला संघ क्रान्तिकारीको ईकाई कमिटी गठन गरियो

त्यसैगरी तिलक बिकको अध्यक्षतामा सदस्यहरू नरेन्द्र बिक,रमेश योन्जन, ठूलोकान्छा रम्तेल, मोहन बहादुर भुजेल सहित क्रान्तिकारी युवा लिगको ईकाई कमिटी र श्याम बहादुर भुजेलको अध्यक्षतामा सदस्यहरू गुण्डाबहादुर आगामी, साईला भुजेल ,पदम विश्वकर्मा, गुन्ज बहादुर तोलांगे सहित देशभक्त जनगणतान्त्रिक मोर्चाको ईकाई कमिटी निर्माण गरियो ।

बहिष्कार अभियान कै क्रममा १५३औ लेनिन जयन्ती तथा ७३औ नेपाल कम्युनिष्ट पार्टी स्थापना दिवस मनाउने कार्य सम्पन्न गरी स्थानिय चुनाव बहिष्कार कार्यक्रम संगठन निर्माण र सुदृढ गर्दै सिन्धुली जिल्ला भरिका सातवटा गाउँ पालिका र दुई नगर पालिकामा बहिष्कारका पर्चा वितरण, पोष्टर र ब्यानर टाङ्ने कार्य भैरहेको कुरा पार्टी ईन्चार्ज जिवनले बताउनुभयो ।

## नेकपा (क्रान्तिकारी माओवादी) कर्णाली प्रदेशको प्रतिक्रियावादी स्थानीय चुनाव बहिस्कार अभियान निरन्तर अगाडि बढ्दै






जाजरकोट । नेकपा (क्रान्तिकारी माओवादी) कर्णाली प्रदेशको प्रतिक्रियावादी स्थानीय चुनाव बहिस्कार अभियान जाजरकोट जिल्लाको सदरमुकाम खलङ्गाबाट शुरु भई आज बारेकोट गाउँपालिकाको सदरमुकाम लिम्साको देवल बजारमा पुगेको हो ।


देवल बजारमा नेकपा बिप्लवका बिद्रोही कार्यकर्ताले नेकपा(त्रान्तिकारी माओवादी)को अभियान टोलिलाई स्वागत गर्दै सयुक्त आमसभाको आयोजना भएको हो। उक्त कर्यक्रमलाई सम्बोधन गर्ने क्रममा कमरेड हिमालले यो देशको सङ्कट्कालीन स्थितिमा स्थानीय चुनाव सङ्कट समाधान नभई झन्झन् सङ्कट थप्ने रास्ट्रघाती कदम भएको कुरा बताउनु भयो । त्यसैगरी सभालाई सम्बोधन गर्ने क्रममा कमरेड राजनले अफ्रिकी पुर्व रास्ट्रपति नेल्सन मन्डेलाको भनाईं,,(ययकि ञगतिष्उथि धजभल धष्कभ ञभल बचभ कर्षभलत) को ब्याख्या गर्दै अब पनि नेपाली सचेत नागरिकले नबोलिकन बस्यो भने झन्झन् संकटहरू बढदै जाने र प्रतिक्रियावादीहरू सफल हुदै जाने कुरा माथी प्रकाश पार्नुभयो ।

उक्त सभाको प्रमुख अतिथिको भुमिकामा बस्नुभएका नेकपा(क्रान्तिकारी माओवादी ) का केन्द्रीय सद्स्य तथा कर्णाली प्रदेश सेक्रेटेरी दिपक बहादुर शाहीले यो दलाल संसदीय व्यवस्थाले जनता संबैधानिक अधिकार सुनिश्चित गर्न नसकेको, नेपालको असङ्लग्न परराष्ट्र नीति विपरीत एमसीसी सम्झौता गरेको, भ्रष्टाचारी, घुसखोरी, बलात्कारी बढेको कारणले गर्दा नेपालको रास्ट्रियता, जनतन्त्र र जनजीविका ओझेलमा परेको कुरा बताउदै अब यसको विकल्पमा नयाँ जनवादी व्यवस्था स्थापना गर्न सम्पुर्ण नेपाली जनता यो अभियान हुदै आन्दोलनमा उत्रीनु पर्ने कुरा बताउनु भयो । बहिष्कार अभियान टोलीमा साँस्कतिक कार्यक्रम पनि प्रदर्शन गरिएको थियो ।

# मोरङमा बहिष्कारको अर्थ बुझाउँदै जनताको घरघरमा र गाउँगाउँमा नेकपा(क्रान्तिकारी माओवादी)

विराटनगर । शान्तिपुर्ण चुनाव बहिष्कारमा होमिएको नेकपा(क्रान्तिकारी माओवादी) निर्वाचन बहिष्कारको अर्थ बुझाउन जनताको घरघरमा पुगेको छ । पचार्, पोष्टर सहित गाउँगाउँमा पुगेको क्रान्तिकारी माओवादीले नागरिकले किन निर्वाचन बहिष्कार गर्ने भन्ने विषय जनतालाई बुझाएको हो । प्रतिक्रियावादी निर्वाचान बहिष्कारको अर्थ बुझाउन प्रदेश नम्बर १ का सबै जिल्लामा प्रचारप्रसार अभियानलाई तिब्रता दिएको नेकपा(क्रान्तिकारी माओवादी)का प्रदेश सेक्रेटरी उदयले जानकारी दिनु भयो ।

उहाँले प्रतिक्रियावादी ,अवसरवादी तथा भ्रष्ट तत्वहरूद्वारा पैसाको खोलो बगाएर गरिने निर्वाचनको अर्थ नरहेको भन्दै जनता सामू पुगेर स्पष्ट पार्ने काम भैरहेको बताउनु भयो । यसरी क्रान्तिकारी माओवादीले प्रतिक्रियावादी निर्वाचन बहिष्कार गरौं भन्दै जनताका घर दैलोमा पुग्दा नागरिकहरूले सकारात्मक प्रतिक्रिया दिएका छन् । उनीहरूले आश्वासन मात्र बाँड्दै भोट माग्न आउनेहरू भन्दा खर्चिलो निर्वाचन बहिष्कार गरौं भन्दै आउनेहरूसँग खुसी लागेको बताएका छन् । मोरङ रंगेलीका लिलबहादुर राईले पुँजीवादी निर्वाचन बहिष्कारको पोष्टर टाँस्ने, पर्चा वितरण गर्ने काम उपयुक्त भएको बताए । उनले भोट माग्न आउनेका कुरा सुन्न दिक्दार लाग्ने र आक्रोश उत्पन्न हुने भन्दै क्रान्तिकारी पार्टीले चलाएको अभियानमा आफ्नो समर्थन रहेको भनाई राखे ।



देउवा सरकारले तोकेको स्थानियतहको निर्वाचनको मिति नजिकिदै गएपनि गाउँघर तथा शहरबजारमा निर्वाचनको माहोल देखिदैन ।

दलाल संसदीय व्यवस्थाबाट दिक्दार भएका नागरिहरूले निर्वाचनमा उत्साह देखाएका छैनन् । निर्वाचन हुनुभन्दा दुई महिना अघिदेखिनै नागरिकका घरघरमा पुगेर आश्वासन बाँड्ने संसदवादीहरूले पनि यस निर्वाचनमा सक्रिय सहभागीता जनाउन सकेका छैनन् । मजदुर ,किसान ,महिला ,दलित ,सुकुम्बासी , आदिवासी ,जनजाति ,मधेशी मुस्लिम र पिछडिएको क्षेत्रका जनताका जनतान्त्रिक हक अधिकार र जनजीविकाका समस्याहरूको समाधनतर्फ कुनै ध्यान दिन नसक्ने दलाल संसदीय व्यवस्थाका विरुद्ध नागरिकहरू गोलबद्ध हुदै गएको क्रान्तिकारी माओवादीका मोरङ इन्चार्ज विद्रोहीले बताउनु भयो । उहाँले मोरङ जिल्लामा मात्र लाखौं जनतालाई प्रत्यक्ष भेटेर निर्वाचन बहिष्कार गर्नुको अर्थ बुझाउने अभियान सहित मोरङका सबै स्थानीयतहमा पर्चा वितरण गर्ने ,पोष्टर टाँसने र जनतासँग बसेर भलाकुसारी गर्ने अभियानमा जुटेको जानकारी दिनु भयो ।

यसरी नै ताप्लेजुङ जिल्लामा पनि प्रचारप्रशारको काम लाई तिब्रता दिएको क्रान्तिकारी माओवादीका ताप्लेजुङ इन्चार्ज तारा थापाले बताउनु भयो । उहाँले निर्वाचनमा खासै सक्रियता नदेखाएका ताप्लेजुङवासीले बहिष्कारको अभियानलाई सकारात्मक रूपमा लिएको जानकारी दिनु भयो ।

# साहित्यमा संशोधनवाद र समाजवादी यथार्थवाद



● डा.जगदीशचन्द्र भण्डारी ●

***१. विषय उठान***

नेपाली साहित्यमा प्रचलित समाजवादी यथार्थवाद साहित्यको मूल धाराका रूपमा रहँदै आएको छ । यस विश्वदृष्टिकोण, उदेश्य र स्पष्ट विचारधाराका कारणबाट यसले छुट्टै क्रान्तिकारी भूमिका सहित विशिष्ट पहिचान स्थापित गरेको छ । आफ्नो पृथक् विश्वदृष्टिकोणका साथै वर्ग पक्षधरता रहनु र यथार्थ प्रति इमान्दार हुनु समाजवादी यथार्थवादी सर्जकहरूको वैशिष्ट्य रहेको छ । वर्ग, विचार र यथार्थ प्रतिको सकृय प्रतिबद्धताका साथै आशावादिता एवम् मुक्त जीवन निर्माण प्रतिको तीव्र आकाङ्क्षा व्यक्त हुनु र मालेमावादी विश्वदृष्टिकोणसँग गाँसिनु एवम् ऐतिहासिक र समकालीन यथार्थको वस्तुपरक र सौन्दर्ययुक्त प्रतिबिम्बन गर्नु, क्रान्तिकारी वर्ग, पार्टी र विचार प्रति प्रतिबद्ध भई क्रान्तिलाई सहयोग पुर्‍याउनु जस्ता युगीन दायित्व निर्वाह गर्नु समाजवादी यथार्थवादी साहित्यको संज्ञान परक, विचार परक तथा कलात्मक काम हो । विचारहीनता तथा अराजकतावादी दृष्टिकोणका विपरीत समाजवादी यथार्थवादी रचनाकार आफुलाई सिद्धान्तवादी एवम् क्रान्तिकारी प्रवृत्तिका साथ आफ्ना रचनामा उभिने प्रयत्न गरेको पाइन्छ । पछिल्लो समयमा भने साहित्य, कला तथा सौन्दर्य चिन्तनका फाँटमा समेत संशोधनवाद प्रवल रूपमा देखा परेको छ र यसले सिर्जनाका सबै क्षेत्रमा जबर्जस्त प्रभाव पार्ने प्रयास गरेको छ । राजनीतिक तथा विचारधाराका फाँटमा देखापरेको संशोधनवादले कलाका विविध पक्षमा पारेको नकारात्मक प्रभावलाई निस्तेज पार्नु र समाजवादी यथार्थवादको मानदण्डलाई जोगाउनु जरुरी भएको छ । यस आलेखमा संशोधनवाद र त्यसले समाजवादी यथार्थवादमा पारेको र पार्न सक्ने केही आधारहरूको निरूपण गरिएको छ ।

***२. संशोधनवाद र समाजवादी यथार्थवाद***

मार्क्सवादका आधारभूत मान्यताका रूपमा स्थापित हुन पुगेका द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, वर्गसङ्घर्ष, क्रान्तिमा बल प्रयोगको भूमिका, सर्वहारावर्गको अधिनायकत्वलाई छाडेर आदर्शवाद, वर्गसमन्वयवाद, सुधारवाद, संसदवाद तथा 'उत्तर' र 'प्रविधिवाद' सम्बद्ध मान्यता र दृष्टिकोण अङ्गाल्न पुग्नेहरू नै संशोधनवादी हुन् । दर्शन, राजनीति, विचारधारा, कला साहित्यका क्षेत्र र चिन्तनका फाँटमा संशोधनवादीहरू क्रियाशील रहेका छन् । सर्वहारा वर्गको प्रतिनिधि क्रान्तिकारी शक्ति हो भने त्यस विपरीत पछिल्लो समयमा बहुदलीय जनवादी तथा वर्गीय एवम् राष्ट्रिय आत्मसमर्पणवादीहरू संसदीय लोकतन्त्रलाई नै सिद्धान्त र विचारधाराका रूपमा स्वीकार गरी बहुलवादी/संसदवादी तथा वर्ग समन्वयवादीका रूपमा फेरिएका छन् । संशोधनवादीहरू मालेमावादका मूलभूत मान्यता तथा विचारधारालाई अस्वीकार गर्दै पुँजीवादी संसदवादी सामाजिक सत्ता र व्यवस्था निर्माणका निम्ति अग्रसर भएका छन् । सर्वहारावर्गको उद्देश्य विपरीत दलाल पुँजीवादी तत्वको हितकारी भई क्रान्तिकारी वर्गको विरोध गर्नु तिनको विशेषता रहको छ । मालेमावादी दर्शनमा अभिव्यक्त मान्यता अनुरूपको क्रान्तिकारी विचारधारालाई परित्याग गरी प्रतिक्रियावादी विचारधारामा समाहित भएपछि तिनका सृजन कर्म सर्वहारावादी विचारबाट च्यूत हुनु स्वाभाविक छ । समकालीन प्रगतिवादी साहित्यमा संशोधनवादी समाजवादीहरू- जो आफुलाई 'वैज्ञानिक समाजवादी' का रूपमा अभिव्यक्त गर्दै आएका छन्- को प्रभाव परेको छ । मालेमावादी सौन्दर्यशास्त्रद्वारा स्थापित कला साहित्यमा प्रतिमानको अस्वीकृति र संशोधन तथा नवसंशोधनवाद गैरसर्वहारा वर्ग विशेषको रुचि, सौन्दर्य र वृत्ति र आनन्दको प्राप्तिका निम्ति क्रान्तिकर्मी आदर्शलाई परित्याग गर्न पुगेका छन् । तिनका चिन्तनमा सर्वहारा वर्गको आर्दश र बुर्जुवा वर्गको आदर्शलाई घोलमाल गरी आफुलाई असल बनाउने चाहको सङ्केत गरिएको पाइन्छ । नयाँ जनवादी क्रान्ति र त्यसको स्वरूपको विरोध गर्नु र बुर्जुवा समाजवादीहरूसँग सन्निकट रहनु तिनको वैशिष्ट्य हुन पुगेको छ । क्रान्तिकारी र संशोधनवादीका बिच झिनो विभाजक रेखा रहेको हुनाले क्रान्तिकारी र संशोधनवादीलाई छुट्याउनु गाह्रो हुन्छ । तापनि वैचारिक एवम् वर्गीय अवस्थिति र तिनका संसदीय बुर्जुवा आत्मिक तथा भौतिक क्रियाकलापबाट नै संशोधनवादीहरूको पहिचान गर्न सकिन्छ । वर्गीय एवम् राष्ट्रिय आत्मसमर्पणवादीहरू प्रगतिशील एवम् क्रान्तिकारी आदर्शलाई छोड्छन् र बुर्जुवा आदर्शको महिमामण्डन गर्दछन् । तिनले सर्वहारा तथा उत्पीडित जनता र तिनका आधिकारिक प्रातिनिधिक क्रान्तिकारी शक्तिहरूले चलाएका विगतका महान् सङ्घर्ष, समर्पण, जनयुद्ध तथा जनआन्दोलनका उच्चतालाई न्यूनीकरण गरी घृणाभाव तथा तिरस्कार गर्ने काम गर्दछन् । प्रातिनिधिक घटना, वस्तु, पात्र, उदेश्य प्रतिको नकारात्मक एवम् विद्रुप अभिव्यक्तिमै केन्द्रित हुन्छन् र तिनीहरू टिठ लाग्दा मार्क्सवादी देखिन्छन् । संवैधानिक राजतन्त्रवादी, संसवादी तथा बुर्जुवा गणतन्त्रवादी हुँदै याथास्थितिवादको पक्षधर हुन्छन् । महान् र उदात्त जनयुद्धको ऐतिहासिक यथार्थबाट अलगिँदै सर्वहारा वर्ग र सर्वहारा मानवतावादी धारा एवम् प्रवृत्तिलाई नकार्न पुगेको पाइन्छन् । वर्गसङ्घर्षलाई वर्गसमन्वयमा फेर्नु र मुक्ति र मुक्तिकामी विचारलाई छोड्नु अनि क्रान्तिकारी भूमिका परित्याग गरी सर्वहारा वर्गको अधिनायकत्व सम्बन्धी प्रतिमान त्याग्नु संशोधनवादीहरूको चिन्तन र विचारधाराको सारवस्तु हो । वर्गसङ्घर्ष र सर्वहारा वर्गको अधिनायकत्व प्रश्नलाई गौण बनाउनु भनेको समाजमा रहेका असमानता, विभेद र वैषम्यलाई नदेख्नु हो । सर्वहारा र क्रान्ति सम्बन्धी विचारधारात्मक अग्रगामी गतिलाई निस्तेज पार्दै अन्ततः प्रतिक्रियावादमा पतन भई क्रान्ति र परिवर्तनलाई धोका दिने काम गर्नु हो । मालेमावादी दर्शनलाई क्रान्तिको र मुक्तिको दर्शनका रूपमा नमान्ने तत्वहरू छदम् रूपमा क्रान्तिकारी देखिन्छन् । विशेषतः समाजवादी यथार्थवादमा संशोधनवाद निम्न रूपमा प्रकट भएको छ ।

क. समकालीन युगमा मालेमावादबाट दार्शिनिक वैचारिक र राजनीतिक विचलन/संशोधन/नवसंशोधनद्वारा संशोधनवाद जन्मेका पाइन्छ ।

ख. संशोधनवाद समाजावादी यथार्थवादी साहित्य कला विरुद्ध उभिएको पाइन्छ ।

ग. क्रान्तिमा बलपूर्वक सत्ता हत्याउने कार्यको निषेध गर्दछ ।

घ. यो क्रान्तिकारी उदात्त आदर्शबाट च्यूत हुन्छ ।

ङ. प्रारूपीकरण/महान् नायक, वस्तु र परिवेशको विरुद्ध छ ।

च. यसले वर्गसङ्घर्ष र सर्वहारा वर्गको अधिनायकत्वलाई मान्दैन ।

छ. यसले संसदवाद, वर्गसमन्वयवाद तथा गैरक्रान्ति/प्रतिक्रियावादलाई स्वीकार गर्दछ ।

ज. यसले सर्वहारा तथा उत्पीडित वर्गको महान् र उदात्त आदर्श चरित्र र प्रवृत्तिको पुनरुत्पादन/प्रतिबिम्बन भन्दा त्यसको विरूपीकरण गरी प्रस्तुत गर्दछ ।

झ. उत्सर्ग तथा बलिदानपूर्ण सौन्दर्यात्मक अन्तर्वस्तुको निषेध र जनवादी क्रान्तिको विरोध गर्छ ।

ञ. यसले यथार्थको क्रान्तिकारी विकासमा भन्दा त्यसको स्थिरतामा जोड दिई शोषणकारी व्यवस्था सुदृढ गर्ने कुरामा जोड दिन्छ ।

***३. निष्कर्ष***


मालेमावादी दर्शनका आधारभूत मान्यतालाई दरिलो रूपमा पक्री ऐतिहासिक आसयसहितको यथार्थको ठोस चित्रण/रेखाङ्कन् गर्न सघाउने, महान् नायक, विषयवस्तु र परिवेशको प्रारूपीकरण गर्ने क्रान्तिकारी जीवनको प्रतिबिम्बन गर्ने, सर्वहारा वर्ग र तिनको सङ्घर्ष, बलपूर्वक सत्ता हत्याउने कार्य एवम् सर्वहारावर्गको अधिनायकत्वप्रति प्रतिवद्ध हुँदै क्रान्ति र भविश्यप्रति दृढ आस्था रहेका स्रष्टाहरू नै समाजवादी यथार्थवादी हुन सक्छन् । यस विपरीत मालेमावादी दर्शनमा आधारभूत सिद्धान्त तथा दृष्टिकोणबाट च्यूत एवम् स्खलित भई सर्वहारावादी आदर्शलाई निषेध गरी सुधारवाद, संसदवाद, वर्गसमन्वयवाद र प्रतिक्रियावादलाई आत्मसात गर्न पुगेका लेखकहरू गैरसमाजवादी यथार्थवादी हुन् । शोषणपूर्ण तथा उत्पीडनकारी राज्यसत्ता र त्यसको जनविरोधी स्वरूपलाई सकारी मालेमावादी दर्शनको दार्शनिक वैचारिक र राजनीतिक दृष्टिकोणको निषेधमै संशोधनवाद उभिएको छ र समकालीन युग अनुरूपको सामन्तवाद, दलाल पुँजीवाद तथा साम्राज्यवाद र विस्तारवादका विरुद्ध कला साहित्यको वर्गसङ्घर्षलाई तीव्र पार्नु पर्दछ । विशेषतः वर्गसङ्घर्ष र सर्वहारा अधिनायकत्व तथा सर्वहारा मानवतावाद विरुद्ध परिलक्षित आदर्शवाद, सुधारवाद, संशोधनवाद, नवसंशोधनवाद, वर्गसमन्वयवाद तथा संसदवाद नै क्रान्ति र सौन्दर्य विरोधी रहेका छन् । यस विपरीत दार्शनिक, वैचारिक तथा राजनीतिक प्रतिवद्धतासँगै आमूल परिवर्तन सम्बद्ध क्रान्तिकर्ममा केन्द्रित हुनु र अभिव्यञ्जना गर्नु नै समाजवादी यथार्थवादी सर्जकको पृथक् वैशिष्ट्य हो ।

***सन्दर्भ सामग्री***


- जिस, आब्नेर, (१९८५) कला वैचारिक एवम् सौन्दर्यात्मक पहलु, मास्को : रादुगा प्रकाशन ।
- चैतन्य (२०६९) मार्क्सवादी सौन्दर्य चिन्तन, ललितपुर : साझा प्रकाशन ।
- वैद्य, मोहन (२०६७) मार्क्सवादी दर्शन, काठमाडौं : प्रगतिशील अध्ययन केन्द्र ।
- भण्डारी, जगदीशचन्द्र, डा. ताराकान्त पाण्डेय (२०६७) प्रतिनिधि नेपाली समालोचना, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।
- बोरेव, युरी (१९८५) एस्थेटिक्स, मास्को : प्रोग्रेस पब्लिसर्स ।


❑ यो साताको कविता

## स्वागतम् कालो दिनको



❑ खगेश्वर भण्डारी ❑

*आउ अब आफ्नो घर बेची भिख मागौँ*
*कालो दिनको स्वागतको तयारीमा लागौँ*
*हिँजोसम्म हाम्रो घर भन्ने ठाउँ थियो*
*आजदेखि त्यहीं पनि अन्तै बेचिदियो*

*अबदेखि यो घरको छानो चुहिदैन*
*तर अब यो घरको मालिक म होइन*
*बन्धकीको घरभित्र कति हुन्थो आस*
*आजदेखि आफ्नै घरभित्र भयौँ दास*

*एकपल्टको चुनावले एउटा देश बेच्यौ*
*अर्कोपल्ट जितेपछि कुन चीज बेच्छौ*
*युधिष्ठिर जस्तै देश दाउ लाईदियौ*
*जनताको देशलाई एक्लै खाईदियौ*

*युधिष्ठिर जस्तै स्वास्नी दाउ दिन्छौ होला*
*अनिमात्रै वचनका पक्का बन्छौ होला*
*कौरबका अगाडि पो इमान्दार बन्यौ*
*द्रौपदीको अगाडि त कुलङ्गार बन्यौ*

*कैले बेच्छौ सहिदका रगत र मासु*
*कैले बेच्छौ घाइते र बेपत्ताका आँसु*
*यति गरे पछिमात्र युधिष्ठिर बन्छौ*
*राज्य फिर्ता वहानामा लाखौँ ज्यान लिन्छौ*

*अहो कस्तो गजबको तिम्रो राजनीति*
*जनतालाई मराउन चाल्यौ नयाँ गति*
*सकुनिको जुवा घर किन ताक्नुपर्ने*
*राज्य अनि द्रौपदीलाई किन थाप्नु पर्ने*

*उस्तै उस्तै भयो फेरि दोरियो कथा*
*तिमी जाउला अम्रिकामा हामी जाने कता ?*
*हिँजोसम्म थियो मेरो सानो सानो देश*
*आजबाट छैन मेरो कुनै भाषाभेष*

## नयाँ बाटो खनौं



❑ मोदनाथ मरहट्टा ❑

*आँखामा मोतिबिन्दुले गाँजेपछी*
*साउनमा आँखा फुटेको गोरुले*
*चैतमा पनि हरियो देखे जस्तै*
*केही तथा कथित परिवर्तनकारीहरू*
*सोलोडोलो नयाँ देख्ने रहेछन*
*घुम्ने कुर्चीको सपनाले सताएपछी*
*बाँकी रहेका सपनाको हत्यागर्न*
*किन्चित भय नहुँदो रहेछ ।*
*फोहोरी अहालमा पौडी खेल्न पसेपछी*
*सफा पानी पनि घीन लाग्ने रहेछ*
*इतिहासको ब्याज खाएर*
*परिवर्तनका हत्याराहरू*
*अङ्कमाल गर्दै आँगन आँगन चहार्दा*
*लाज शरम पनि लजाउँदो रहेछ*
*युग बिकाशको पाङ्ग्रा*
*जब उल्टो घुम्छ नि*
*कमिलाको प्वाँख बन्दो रहेछ ।*
*घामले हलो जोतेको*
*रुखले होत्रो बोकेको एउटा मजाक*
*बान्ता पोखेर गाउँभरी फलक्दा*
*आफैँले तय गरेको संहितालाइ*
*जब कुल्चिइन्छ नि बुटहरूले*
*नयाँ सम्भवनाको निम्तो हुने रहेछ*
*आउ साथी नयाँ बाटो खनौँ ।*

# कविताको कुरा...



● सरश्वती मोहरा ●

***कडवेल, कवितालाई 'पहिलो मानवीय सामुहिक आवेग' मान्छन । त्यसो किन त ?- भने मानव समाजमा उत्पादन सामुहिक रुपमा हुन्थ्यो । सामूहिक श्रमको रुपमा मात्र उत्पादन सम्भव हुन्थ्यो । सो सामुहिक उत्पादनको प्रक्रिया वा सामुहिक श्रमको प्रक्रियामा कविता जन्मिएको हुनाले यो नै पहिलो मानवीय सामुहिक आवेग हो र यो श्रमको उपज पनि हो भन्ने उनको तर्क रहेको छ । यसहिसाबले कविताको मानवसमुदाय र मानव समाजसितको ऐतिहासिक सम्बन्ध र नाता सबैभन्दा पुरानो र धेरै पाको रहेको बुझिन्छ । यसका साथै सामुहिक श्रम प्रकियाको फलस्वरुप साहित्यकला श्रमको उपज पनि भएको कुरा प्रष्ट हुँदछ । त्यसो र कवितालाई सामाजिक उपादेयता र आवश्यकताका सन्दर्भमा सामुहिक उत्पादन र श्रमको दौरान, श्रमको सापेक्षतामा मानवद्वारा निर्मित पहिलो सुन्दर कला र सामाजिक यथार्थ कलाका रुपमा बुझ्नु उपयुक्त हुँदछ । अतः इतिहास चेतनाका दृष्टिका साथै कलाका रुपमा समकालीन जीवनयथार्थको बोध,अनुभूति एवं अभिव्यक्तिका दृष्टिले पनि कविता अनिवार्य,आवश्यक एवं बिशिष्ट सामाजिक उपदेयतापरक कला बन्नपुग्दछ***

साहित्यको रूपमा कविता मानवसमुदायको पहिलो ऐतिहासिक उद्गार बुझिन्छ । पहिलो ऐतिहासिक उपलब्धि मानिन्छ । विश्व साहित्यको शुरुवात कविताबाटै भएको भनिन्छ । अग्रेजी आलोचक क्रिस्टोफर कडवेलले 'कविता मानवीय मष्तिस्कको आरम्भिक सौन्दर्यात्मक गतिविधिहरू मध्ये एक हो ।'- भनेका छन् (क्रिस्टोफर कडवेल, कविताको जम्म, उत्तरार्ध,१९८२,अंक२०) । 'युरोपेली साहित्यको शुरुवात होमरका कविताहरूबाट भएको र होमरका कविताहरूको रचना त्यसबेला भएको हो जतिबेला साहित्यिक रचना र रचनाकारहरूको टिपोट राख्ने चलनै थिएन' - भनेर तारानाथ शर्माले भनेका छन् । -(तारानाथ शर्मा, पश्चिमका केही महान् साहित्यकार २०२६,साझा प्रकाशन, काठमाडौं, पृष्ठ ५) । मान्छेको शुरूवाती सौन्दर्यचेतना र सौन्दर्यबोधले यसरी कविताद्वारानै पहिलो अभिव्यक्ति पाएको कुरा बुझिन्छ । रूसी आलोचक एवं मार्क्सवादी बुद्धिजीवी प्लेखानोवको 'यथार्थको प्रामाणिक प्रस्तुति गर्नु कलाको मुख्य गुण र मुख्य मानदण्ड भएको र यथार्थ नै कलाको मुख्य स्रोत हो'-(गिओर्गी प्लेखानोभ,कलाको सामाजिक उद्गम,राजकमल प्रकाशन, पृष्ठ १४) ।-भन्ने भनाईलाई आधार गर्दा मानव जीवनयथार्थको पहिलो प्रामाणिक प्रस्तुति एवं पहिलो जीवन्त यथार्थ कलाका रूपमा कवितालाई मान्नसकिन्छ ।

***कविता नै किन त ?..***

व्यक्तिगत रूपमा गीत/संगीत पनि भावात्मक अभिव्यक्तिका माध्यम हुनसक्छन् । मान्छेमा व्यक्तिगत भावात्मक आवेगहरू त हुन्छन् नै । कविताको सान्दर्भिकता र महत्व चाहिँ तर मानवसमुदाय र मानव समाजको सापेक्षतामा बुझिन्छ ।

कडवेल, कवितालाई 'पहिलो मानवीय सामुहिक आवेग' मान्छन । त्यसो किन त ?- भने मानव समाजमा उत्पादन सामुहिक रूपमा हुन्थ्यो । सामूहिक श्रमको रूपमा मात्र उत्पादन सम्भव हुन्थ्यो । सो सामुहिक उत्पादनको प्रक्रिया वा सामुहिक श्रमको प्रक्रियामा कविता जन्मिएको हुनाले यो नै पहिलो मानवीय सामुहिक आवेग हो र यो श्रमको उपज पनि हो भन्ने उनको तर्क रहेको छ । यसहिसाबले कविताको मानवसमुदाय र मानव समाजसितको ऐतिहासिक सम्बन्ध र नाता सबैभन्दा पुरानो र धेरै पाको रहेको बुझिन्छ । यसका साथै सामुहिक श्रम प्रकियाको फलस्वरूप साहित्यकला श्रमको उपज पनि भएको कुरा प्रष्ट हुँदछ । त्यसो र कवितालाई सामाजिक उपादेयता र आवश्यकताका सन्दर्भमा सामुहिक उत्पादन र श्रमको दौरान, श्रमको सापेक्षतामा मानवद्वारा निर्मित पहिलो सुन्दर कला र सामाजिक यथार्थ कलाका रूपमा बुझ्नु उपयुक्त हुँदछ । अतः इतिहास चेतनाका दृष्टिका साथै कलाका रूपमा समकालीन जीवनयथार्थको बोध,अनुभूति एवं अभिव्यक्तिका दृष्टिले पनि कविता अनिवार्य,आवश्यक एवं बिशिष्ट सामाजिक उपदेयतापरक कला बन्नपुग्दछ । कविहरूले कविताको उपादेयता, कविताको अनुभूति एवं सौन्दर्यबोध गर्ने कुरा त झन अझबढी बिशिष्ट होला ।


**यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !**

- www.moolbato.com
- www.daunnenews.com
- www.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृष्टि साप्ताहिक
- दाउन्ने साप्ताहिक
- स्थानीयपत्र साप्ताहिक
- छापामार साप्ताहिक
- नयाँ कोशी मासिक
- दायित्वबोध त्रैमासिक

## कसरी...

प्रकृति बिरुद्धको संघर्षमा वा त्यस्तो संघर्षको सीलसीलामा असभ्य जंगली जातिहरूको नपुंसकताले देवताहरू, दानवहरू, चमत्कारहरू आदिमा तिनको बिश्वाको सृष्टि गरिदिएको थियो । जो मानिस आफ्नो जीवनमा बडो मेहनत, परिश्रम गर्दछन् र अभावमा जीवन ब्यतित गर्दछन् उनीहरूलाई धर्मले यो जीवनमा बिनम्र हुने र धैर्य गर्ने तथा परलोकको सुखको आशावाट सान्त्वना प्राप्त गर्ने शिक्षा दिन्छ । तर जो मानिस अर्काको श्रममाथि निर्भर र परजीवी हुन्छन् उनीहरूलाई धर्मले यस जीवनमा बत्सलताको ब्यवहार गर्ने-दीन दुस्खीहरूमाथि दया गर्ने० शिक्षा दिन्छ र यसरी शोषक बर्गको रूपमा आफ्नो सम्पूर्ण अस्तित्वलाई सिद्ध गर्ने एउटा सस्तो सुत्र बनाइदिन्छ अनि स्वर्गमा सुख प्राप्त गर्ने टिकट सस्तो मूल्यमा बेचिदिन्छ' ।

यसैले मार्क्सवाद अनुसार धर्म, एउटा खाश चरणमा, सामाजिक परिस्थितिको अनिवार्य उपज हो र अर्को अवस्थामा बर्गीय शोषणको अभिब्यक्ति तथा शासक बर्गको बर्गीय बिचारधाराको अभिन्न अङ्ग पनि । ठीक यसै कारणले मार्क्सवाद र एक मात्र मार्क्सवादले नै धर्मको ब्युत्पत्ति, त्यसको मूल तथा मानिसको मनमा त्यो अहिलेसम्म पनि हावी र प्रभावी भइरहनुको आधार बैज्ञानिक ढंगले बुझेर आधिकारिकरूपमा यसो भन्न समर्थ छ कि धर्मको भूमिका सामाजिक गठनको अवस्थाबाट निर्धारण हुन्छ । अनि ठीक यसैले, मार्क्सवादको हमला स्वयंमा धर्ममाथि हुँदैन बरु ती परिस्थितिहरूमाथि यसले धावा बोल्दछ जसले धर्मलाई उत्पन्न गर्दछन् । त्यो परिस्थितिमाथि तीब्र प्रहार हुन्छ जसले जनतामा धर्मको प्रभाव कायम राखिराख्ने गर्दछन् । किनकि धर्म कुनै स्वयंभू बस्तु होइन । मार्क्सवादले त्यो परिस्थितिलाई नै आधारभूतरूपमा परिवर्तन गर्न चाहन्छ र बदल्ने प्रयत्न गर्दछ जसले धर्मलाई आधार प्रदान गर्दछन् र बर्गीय उत्पीडनको औजारको रूपमा धर्मलाई कायम राख्दछन् । ड्यूहरिंगको कथन थियो कि समाजवादी किसिमको ब्यवस्थाले धर्मका सबै आवश्यक तत्वहरूलाई समाप्त गर्नुछ । यस तर्कको बिरुद्ध आफ्नो चर्चित र प्रसिद्ध बहसमा फेडरिक एंगेल्सले भनेका छन् - 'तर श्रीमान ड्यूहरिंग धर्मको आफ्नो मृत्यु स्वयं हुनेसम्म प्रतिक्षा गर्न तयार छैनन् । उनी भविष्यका आफ्ना सिपाहीहरूलाई धर्ममाथि हमला गर्नका लागि उक्साउँदछन् र यसरी धर्मलाई एक किसिमको सहादत तथा अझ बढी प्राण दिन मद्दत गर्दछन्' । ९एंगेल्स ड्यूहरिंग मत खण्डन०

मार्क्सवादीहरू भौतिकबादी हुन्छन् र त्यसो भएको हुनाले उनीहरूले एउटा बर्ग बिभाजित समाजमा धर्मको जटील भूमिकालाई बुझ्दछन् अनि त्यसको आकलन गर्न सक्तछन् । उनीहरूले यो पनि थाहा पाउँदछन् कि उपरी ढाँचामा एउटा रूपको आधारमा धर्म बर्गबिहीन समाजको स्थापना पछि पनि लामो समयसम्म कायम रहिरहन्छ । मार्क्सवादीहरूको बिरोध धर्ममाथि नभएर त्यो धर्म खडा गर्ने समाजिक परिस्थितिमाथि हुन्छ । मार्क्सले भनेका छन् - 'जनताको मिथ्या सुखको रूपमा धर्मको उन्मूलन गर्नु जनताको वास्तविक सुखको निमित्त आवश्यक छ । आफ्नो अवस्थाको सम्बन्धमा भ्रान्त धारणाहरूलाई तिलाञ्जली दिने माग हो यो जसमा भ्रान्तधारणाहरूको आवश्यकता हुन्छ । यस कारण धर्मको आलोचना बीजरूपमा दुस्खको त्यस घाँटीको आलोचना हो जसको प्रभामण्डल धर्म हो' । ९हेगेल धर्म सम्वन्धि दर्शनको आलोचनामा योगदान, धर्म मार्क्स र एंगेल्स पृष्ठ ५१० धर्म सम्वन्धि मार्क्सवादी समझदारी यही हो ए।

धर्मको मार्क्सवादी मूल्यांकन, त्यसको मानवतावादी अन्तरबस्तु तथा बर्गीय शासनको औजारको रूपमा त्यसको उपयोग हुने कुरालाई समग्रतामा बुझ्नु जरुरी छ । कम्युनिस्टहरूले त्यो परिस्थितिलाई बदल्नका निमित्त काम गर्दछन् जुन परिस्थितिले मानिसमा धर्मको पकड कायम राख्दछ । यसरी स्वयंमा धर्ममाथि मार्क्सवादीहरूले हमला गर्दैनन् । किनभने मानव सभ्यताको सामाजिक गठनबाट स्वतन्त्र स्वयंमा कुनै भिन्नै बस्तु धर्म हुँदैन, होइन र हुन पनि सक्तैन । यसै कारणले लेनिनले भनेका छन् कि 'शहरी सर्बहारा वर्गको पिछडिएको हिस्सामा र किसान जन समुदायमा धर्मको प्रभाव किन कायम रहेको छ ९बुर्जुआ-पूँजीवादी०, प्रगतिशील उग्रवादी या बुर्जुआ भौतिकबादीरु यस प्रश्नको उत्तर दिन्छन् स् जनताको अज्ञानताको कारण । अनि यसैले धर्मको नाश होस् र वास्तविकता चीरञ्जीवी होस् १ नास्तिक९अनिश्वरबादीहरू०वादी बिचारहरूको प्रचार गर्नु नै हाम्रो मूख्य कर्तब्य हो' । तर मार्क्सवादी कम्युनिस्टहरूले त्यसको उत्तर यसरी दिन्छन् - 'यो ९उनीहरूको भनाई० सही होइन । यो एउटा सतही दृष्टिकोण हो । यसले धर्मको मूललाई पर्याप्त गहिराइपूर्वक ब्याख्या गर्दैन । यसले त्यसको ९धर्मको० भौतिकवादी ब्याख्या गर्दैन, भाववादी९क्ष्मभबष्कित० ब्याख्या गर्दछ ।

आधुनिक पूँजीवादी देशहरूमा धर्मका यी जराहरू मूख्यतया सामाजिक छन् । आज धर्मको सबभन्दा गहिरो जराको कारण श्रमजीवी मेहनतशील जनताको सामाजिक रूपले पद दलित स्थिति तथा पूँजीबादका ती अन्धा शक्तिहरूका सामु प्रत्यक्ष देखिने त्यस्ता पूर्ण असहाय अवस्था हो जसले प्रत्येक दिन र प्रति घण्टा त्यसलाई सर्वाधिक भयंकर यातनाहरू तथा उत्पीडनहरूका चक्काले पिसिरहेको हुन्छ । यी यातना र यन्त्रणाहरू ती यातना र यन्त्रणाहरू भन्दा हजार गुणा कठोर हुन्छन् जुन युद्ध, भूइचालो आदि जस्ता असाधारण घटनाहरूका कारण जनताले भोग्नु ब्यहोर्नु परेको हुन्छ । ''देवताहरूको जन्म भयवाट भएको हो । पूँजीको अन्ध शक्तिको भयवाट । यो शक्ति अन्ध यस कारणले हुन्छ कि जनताले त्यो शक्तिलाई पहिलाबाटै देख्न जान्न सक्तैनन् । यो शक्ति यस्तै हुन्छ । जुन र्वहारा बर्ग तथा स-साना मालिकहरूको जीवनका हर कदममा न केवल 'अचानक', 'अप्रत्याशित', 'बर्वादी', 'बिध्वंश', 'दरिद्रता', 'बेश्याबृत्ति', 'अनिकाल', आदिवाट मर्ने डरले उनीहरूलाई आक्रान्त राखिएका हुन्छन् । अझ यस्ता कठिनाईहरूका पहाडहरू उनीहरूमाथि थोपरिदिने गर्दछन् । यी नै हुन् आधुनिक धर्मका जरा जसलाई भौतिकादीहरूले जो वास्तवमा दुधेबालक तालका भौतिकबादी होइनन् र त्यस्तो बनिरहन पनि चाँहदैनन्, सबभन्दा पहिला र सबभन्दा प्रमुखरुमा ध्यानमा राख्नु पर्दछ र राख्दछन् । यी जन समुदायको मानसपटलबाट, जुन मानसपटल पूँजीवादी श्रमको भारले थिचिएर मिचिएर दवेको छ, जसले कुनै पुस्तकको धर्मलाई निकाल्न सक्तैन, जवसम्म ती जन समुदाय स्वयं धर्मका यी उपर्युक्त जराहरूसँग लड्न सिक्तैनन् र लड्न सक्तैनन् । जवसम्म कि र्सबथा एकतावद्ध,संगठित र सुनियोजित तथा सचेत ढंगले उनीहरू पूँजीको शासनका सबै रूपहरूका बिरुद्ध संघर्ष गर्न सिक्तैनन् र संघर्ष गर्न सक्तैनन् ।''

यस प्रकार धर्मको रक्षक हुने स्वयम्भू इजारेदार साम्प्रदायिक तथा तिनको पृष्ठपोषक शक्तिहरूको दाबीलाई भण्डाफोर गर्नु र तिनलाई नङ्ग्याउनु पनि आजको समाजिक परिस्थितिको बिरुद्ध संघर्षको एउटा प्रमुख अङ्ग हो । अनि यस्तो परिस्थिति बदल्नु नै मार्क्सवादी कम्युनिस्ट शक्तिहरूको प्रमुख लक्ष र कर्तृतब्य हो र हुनु पर्दछ । धर्मलाई बेढंगले यसको उत्पत्ति, बिकास र प्रभावको लेखाजोखा नगरी बिरोध गर्दा ढोंगी र पाखण्डी शक्ति र तत्वहरूलाई नै फाइदा पुग्ने गर्दछ र यसरी जनमुक्तिको आन्दोलन अल्मलमा पर्ने कुरा पनि प्रष्ट नै छ ।

## जनसमुदाय...

सम्बन्ध भनेको मानिसको प्रकृति र मानिसको तथा मानिसहरूबीचको आपसी सम्बन्ध हो । उत्पादक शक्ति अन्तर्गत मानवीय श्रम, श्रमका विषय र औजार आउ'छन् । तिनमा मानवीय श्रमको भूमिका प्रधान र निर्णायक हुने गर्दछ । यसरी मानवीय श्रम-शक्तिको प्रधान र निर्णायक भूमिका हुनुकै कारण इतिहासको निर्माता जनसमुदाय, श्रमजीवी जनसमुदाय नै हुन पुग्दछ । तर यहा'नेर ध्यानदिन योग्य कुरा के छ भने मानव समुदाय वा कुनै पनि व्यक्ति, समाज विशेषको रूप चुन्नु स्वतन्त्र छैन, किनकि समाजको रूप मान्छेहरूको स्वतन्त्र इच्छामा नभै उत्पादक शक्तिहरूको स्थिति र विकासमा आधारित रहेको हुन्छ । हामी यसैलाई आर्थिक परिस्थितिस'ग आबद्ध ऐतिहासिक आवश्यकता भन्दछौं । मार्क्सको भनाइमा- समाज मानिसहरूको अन्योन्य क्रियाको फल हो, अवश्यै हो, तर ऊ समाजको चाहे जस्तो रूप चुन्नका लागि स्वतन्त्र छैन, मानव आफ्ना उत्पादक शक्तिहरूको स्वाधीन चयन कर्ता बन्न सक्तैन, किनकि प्रत्येक उत्पादक शक्ति आर्जित शक्ति हुन्छ । त्यसैले मार्क्स भन्नुहुन्छ- 'आउने वाला पिंढी आफूभन्दा पहिलेको पिंढीद्वारा आर्जित ती उत्पादक शक्तिहरूको आफूलाई आधिकारी पाउ'छ, जुन उसका लागि नयाँ उत्पादनका कच्चा मालको काम गर्दछन्, मानव इतिहासमा तारतम्यता पैदा हुन्छन् । मानवजातिको इतिहासको निर्माण एक हुन्छ । अतः अनिवार्यतः के निष्कर्ष निस्कन्छ भने मान्छेको सामाजिक इतिहास उनीहरूको व्यक्तिगत विकासको इतिहास बाहेक अरू केही होइन, भलै उनीहरूलाई यस कुराको चेतना होस् या न होस् । उनीहरूको भौतिक सम्बन्ध उनीहरूको सम्पूर्ण सम्बन्धहरूको आधार हो । यी भौतिक सम्बन्ध ती आवश्यक रूप मात्र हुन् जसमा उनीहरूका भौतिक र व्यक्तिगत कार्यकलाप चरितार्थ हुन्छन् ।'१ मार्क्सवादी राजनीतिक अर्थशास्त्र र ऐतिहासिक भौतिकवादको ठीक यसै कारण के मान्यता रहेको छ भने यस प्रकारको इतिहास विज्ञान- पू'जीवादी अर्थशास्त्री र इतिहासकारहरूको जस्तै वस्तुहरूको सम्बन्धको होइन मानव सम्बन्ध र त्यसको विकास प्रक्रियाको अध्ययनलाई आफ्नो विषयवस्तु बनाउने गर्दछ ।

जनताले आफ्नो इतिहासको निर्माण कसरी गर्दछन् । नेताहरू कसरी पैदा हुन्छन्, मानिसका स्वतन्त्र इच्छा र आर्थिक परिस्थितिबिच के सम्बन्ध छ ? यी प्रश्नहरूको जबाफ- आवश्यकता र आकस्मिकताको नियममाथि ध्यानदिँदै-एङ्गेल्सले यसरी दिनुहुन्छ- 'मनुष्य आफ्नो इतिहासको रचना स्वयम् गर्दछन्, परन्तु अहिलेसम्म उनीहरू यस्तो सामूहिक सङ्कल्पका साथ, सामूहिक योजना अनुसार गर्न सक्तैनन्, यहा'सम्म कि एक निश्चित, परिसीमित समाज विशेषमा पनि गर्न सक्तैनन् । उनका आकाङ्क्षाहरू एक अर्कास'ग टक्कराउ'छन्, र यस कारण यस्को प्रत्येक समाज आवश्यकताद्वारा शासित हुन्छ, जसको पूरक तथा प्रतीयमान रूप आकस्मिकता हुन्छ । यहा' जुन आवश्यकता समस्त आकस्मिकताहरूमाथि हावी हुन्छ, त्यो अन्ततः आर्थिक आवश्यकता नै हुन्छ । र यही तथाकथित महापुरुषहरूको चर्चा आवश्यक हुन जान्छ । यो कुरा कि देश विशेषमा, काल विशेषमा अमुक व्यक्ति प्रकट हुन्छ र अर्को होइन, निःसन्देह आकस्मिकता हो । तर त्यसलाई अगल गरिदिनुहोस् अनि त्यसको ठाउ'मा अर्काको माग हुन्छ र त्यो दोस्रो व्यक्ति पाइन्छ-त्यो असल होस् र खराब, तर अन्तमा पक्कै पाइन्छ । नेपोलियन नै, ठीक त्यो कोर्सिका निवासी नै त्यो फौजी तानाशाह बन्यो, जसको अविर्भावलाई आफ्नै लडाईंहरूबाट थकित जर्जर फ्रान्सीसी जनतन्त्रले आवश्यक बनाइदिएको थियो, यो आकस्मिकताको कुरा थियो, परन्तु यदि एउटा नेपोलियन हु'दैनथ्यो भने त्यस अभावको पूर्ति अर्को नेपोलियनले गर्थ्यो, यसको प्रमाण के हो भने जुन व्यक्तिको आवश्यकता पैदा भयो त्यो पाइयो पनि, जस्तै सीजर, आगस्टस, क्रामबेल, आदि । यदि मार्क्सले इतिहासको भौतिकवादी अवधारणाको खोज गर्नु भयो भने त्येरी, मिन्ने, गीजो र १८५० सम्म सबै अङ्ग्रेज इतिहासकार कुन कुराका प्रमाण हुन् भने यस अवधारणाको खोज हुने वाला थियो र मौर्गनद्वारा यसै अवधारणाको खोजबाट कुन कुरा साबित भयो भने त्यसको समय आएको थियो र त्यसको खोज हुनै पर्दथ्यो ।'२

एङ्गेल्सका यी भनाइबाट दुई कुरा स्पष्ट हुन्छन्ः पहिलो, इतिहासका निर्माता जनता हुन्, तर तिनले आफ्नो इच्छा अनुसार होइन समाजको आर्थिक आवश्यकतानुसार इतिहासको निर्माण गर्दछन् । दोस्रो, नेताहरूको जन्म इतिहासको आवश्यकता अनुसार हुन्छ, तर अमुक व्यक्ति नेता बन्ने कुरा आकस्मिकतामा आधारित हुन्छ ।

मान्छेकामनमाआउनेअनगिन्ति इच्छा-आकाङ्क्षाहरू, लक्ष्यहरू र प्रयोजनहरूका प्रेरकशक्तिहरू जीवनका भौतिक-आर्थिक आवश्यकतास'ग आबद्ध रहेका हुन्छन् र तिनमा देखापर्ने टक्करहरू, द्वन्दहरू, अन्तर्विरोधहरू सम्बन्धित समाजका आर्थिक परिस्थिति र वर्गसङ्घर्षमा आधारित हुन्छन् । ठीक यसैकारण मार्क्सवादले मान्छेका अनगिन्ति इच्छा, आकाङ्क्षा र प्रेरणाहरूलाई तथा तिनलाई प्रेरित गर्ने प्रेरकशक्तिहरूलाई जीवनको भौतिक आवश्यकता र वर्गसङ्घर्षका आधारमा ठम्याउने काम गरेको छ । आदिम वर्गविहीन समाजमा वैयक्तिक इच्छा र प्रेरणाहरूको एक सामूहिक मध्यमानको काम जीवनको भौतिक आवश्यकताले गर्दथ्यो भने वर्ग समाजमा जीवनको त्यस प्रकारको भौतिक आवश्यकतामा आधारित वर्गसङ्घर्षको नियमले गर्दछ । ठीक त्यसै कारण मानव जातिको इतिहासको चालक शक्तिका रूपमा-उत्पादक शक्ति र उत्पादन सम्बन्ध, आधार र उपरिसंरचनाबिचको अन्तर्विरोध र यिनै अन्तर्विरोधहरूको अभिव्यक्तिका रूपमा वर्ग समाजमा वर्गसङ्घर्षलाई मार्क्सवादको इतिहास विज्ञानले अङ्गीकार गर्न पुगेको छ ।

यद्यपि एङ्गेल्सको भनाइ अनुसार, अहिलेसम्म मान्छेले सामूहिक योजना, सङ्कल्प र सचेत प्रयत्नद्वारा योजनावद्ध रूपमा इतिहासको निर्माण गर्न सकेका छैनन्, परन्तु जब उनीहरूले इतिहास विज्ञानका नियमहरूलाई समाजको आर्थिक आवश्यकतालाई राम्रोस'ग बुझ्न सक्तछन् त्यो बेला उनीहरू सचेत र योजनावद्ध ढङ्गले आफ्नो इतिहासको निर्माण गर्न सक्तछन् । ठीक यहींनेर आवश्यकता र स्वतन्त्रताको नियमले काम गर्दछ । जस्तो कि एङ्गेल्स भन्नुहुन्छ- 'जब समाजले उत्पादनका साधनहरूमाथि अधिकार प्राप्त गर्दछ, त्यो बेला मालहरूको उत्पादन समाप्त हुन्छ र त्यसको साथसाथै उत्पादन गर्नेहरू माथि उत्पादनको प्रभुत्व पनि समाप्त हुन्छ । सामाजिक उत्पादनमा अराजकताको ठाउँ योजनाबद्ध, सचेतन सङ्गठनले ग्रहण गर्दछ । 'अहिलेसम्म मान्छेको आफ्नो सामाजिक सङ्गठनले प्रकृति र इतिहासद्वारा थोपरिएको एक अनिवार्य आवश्यकताको रूपमा मान्छेको विरोध गर्दथ्यो । अब त्यो स्वयम् मनुष्यको स्वतन्त्र कार्यको परिणाम बन्दछ ।'.यही त्यो विन्दु हो, जसभन्दा अगाडि मानिसले पूर्ण चेतनाका साथ (आधिकाधिक चेतन ढङ्गले आफ्नो इतिहासको स्वयम् निर्माण गर्ने छ । यही त्यो विन्दु अहिलेसम्म जुन बाह्य वस्तुजगत शक्तिहरू इतिहासमाथि शासन गर्दै आएका थिए, ती अब स्वयम् मनुष्यको नियन्त्रणमा आउ'दछन् । जसभन्दा अगाडि मान्छेले जब कुनै केही सामाजिक कारणहरूलाई गतिमान बनाउने छ, त्यसबेला त्यसका मुख्यतः र निरन्तर बढ्दै गएको मात्रामा अभिप्रेत परिणाम हुने छन् । यो मनुष्यको आवश्यकताको जगतबाट स्वतन्त्रताको जगतमा छलाङ्ग हुनेछ ।'३

इतिहासको निर्माणमा जनसमुदाय, व्यक्तिहरू र नेताहरूको भूमिकाको सन्दर्भमा आवश्यकता र आकस्मिकता, आवश्यकता र स्वतन्त्रताबिचको द्वन्दात्मक सम्बन्ध वास्तवमा यही नै हो । यस सन्दर्भमा जनसमुदाय र नेतृत्वबिचको सम्बन्धलाई पनि ठीक ढङ्गले बुझ्न जरुरी छ । लेनिन भन्नुहुन्छ- 'खारिएका र प्रतिभाशाली नेताहरू, जसलाई आफ्ना कामको पूरै प्रशिक्षण मिलेको होस्, जुन लामो समयसम्म अनुभव प्राप्त गरिसकेका होऊन र जुन पूर्ण सहयोग एवम् तालमेलका साथ काम गर्ने होऊन, का अभावमा आधुनिक समाजमा कुनै पनि वर्गले दृढताका साथ सङ्घर्ष गर्न सक्तैन ।'४ नेता भनेको के हो र त्यसको जनसमुदायस'ग के सम्बन्ध छ ? लेनिन भन्नुहुन्छ- 'आम रूपमा र अधिकतर स्थानहरूमा, कमसे कम आधुनिक सभ्य देशहरूमा वर्गहरूको नेतृत्व राजनीतिक पार्टीहरू गर्दछन्, राजनीतिक पार्टीहरूको संचालन प्रायः तिनका सबैभन्दा अधिकमान्य, प्रभावशाली र अनुभवी सदस्यहरूका कमबेशी स्थायी समूह गर्दछन्, जस्लाई पार्टीको सबैभन्दा जिम्मेवार पदहरूमा चुनिन्छ र जुन नेता भनिन्छ ।'५

लेनिनका यी भनाइबाट क्रान्तिका लागि नेतृत्व अनिवार्य रूपले आवश्यक हुने र नेताहरू वर्ग विशेष वा जनसमुदायबाट जन्मिने तथा तिनीहरूको प्रतिनिधित्व गर्ने राजनीतिक पार्टीका अनुभवी तथा आधिकारिक सदस्य हुन् भन्ने कुरा स्पष्ट हुन्छ ।

नेताहरू प्रतिगामी र क्रान्तिकारी दुवै वर्गका हुन्छन् । ती सही र गलत दुवै प्रकारका हुन्छन् । जहा'सम्म कम्युनिस्ट आन्दोलनमा नेताहरूको स्थितिको प्रश्न हो त्यसमा अवसरवादी तथा क्रान्तिकारी दुवै ढङ्गका नेताहरू हुन्छन् । क्रान्तिकारीहरूले अवसरवादी नेताहरूको विरोध तथा भण्डाफोर र क्रान्तिकारी नेताहरूको सम्मान तथा स्थापना गर्नु जरुरी हुन्छ ।

टिपोटहरूः

१- मा.ए. सङ्कलित रचनाए', खण्ड-१, भाग-२, पृ. २८५ ।

२- उक्त, खण्ड-३, भाग-२, पृ. ४२४ ।

३- ड्युहरिंग मतखण्डन, पृ. ४५१ ।

४- लेनिन सङ्कलित रचनाए', खण्ड-२, पृ. १७० ।

५- उक्त, खण्ड-९, पृ. २७४ ।

(जनादेश साप्ताहिक, वर्ष-१४ अंक-९, २०६१ माघ २६ मा प्रकाशित भएकोलाई आज पनि उत्तिकै सान्दर्भिक लागेर प्रकाशित गरेका छौं -सं.)

## कथित...

मुक्ती मोर्चाका जिल्ला संयोजक चन्द्रमान मानन्धर रहनु भएको छ । उहाँ हरूलाई गाडी चालक सहित पक्राउ गरिएको हो । गिरफ्तारीको सो पार्टीको लुम्बिनी प्रदेश समिति क्रान्तिकारी पत्रकार महासङ्घले बिरोध जनाएका छन् ।

## स्थानीय...

दिनु भयो । उहाँले निर्वाचन बहिष्कारका लागि जनतालाई जागरुक गराउनका लागि चलाएको प्रचार अभियान अन्तर्गत विषेश प्रचार अभियानको थालनी गरेको बताउनु भयो । सेक्रेटरी उदयले स्वच्छ तथा निष्पक्ष निर्वाचनको कुनै संभावना नरहेको र सिंहदरबारमा हुँदै आएको भ्रष्टाचार स्थानीयतह सम्म पुगेको भन्दै प्रतिक्रियावादी स्थानीय निर्वाचन बहिष्कार गर्न बाध्य भएको भनाई राख्नु भयो ।

## फासीवादी...

प्रहरीले हस्तक्षेप गरी गिरफ्तार गरेको थियो । प्रहरीले पार्टी पोलिटब्यूरो सदस्य धनेश्वर पोखरेल, क्रान्तिकारी पत्रकार महासंघका महासचिव रवि पाण्डे, गुणनिधि पोखरेल, रवि गुरुङ, मोहन लाल शर्मा, दिल बहादुर चुँदारा लगायत दर्जन बढी नेता कार्यकर्ताहरूलाई गिरफ्तार गरेको थियो । उहाँहरूलाई साँझ छाडिएको थियो । उहाँहरूको रिहाईको माग गर्दै पार्टी महासचिव मोहन वैद्य किरणले वक्तव्य जारी गर्नुभएको थियो ।

क्रान्तिकारी माओवादीले नवलपरासीको ८ स्थानका स्थानमा बहिस्कार लक्षित कोणसभा गरेको छ । बर्दघाट-७ जिमिरेभार, बर्दघाट-१६ कुकुरमारा, केरावारी , सुस्ता-१ बरुवा, कुडिया, फेनहरा , गोपीगंज र बर्दघाटको मुख्यचोकमा चुनाव बहिस्कारको आब्हान गर्दै कोणसभा गरेको हो । कार्यक्रममा पार्टीको स्थायी समिति रामसिं श्रीस, पोलिटब्युरो सदस्य धनेश्वर पोखरेल, क्रान्तिकारी पत्रकार महासंघका महासचिव रवि पाण्डेय, जिल्ला सदस्य गुणनीधि पोखरेलले मन्तब्य राख्नुभएको थियो । त्यसैगरी दाङ, बर्दिया, बाँके, रूपन्देही, कञ्चनपुर, सुर्खेत, दैलेख, कालिकोट, चितवन, कास्की, नवलपुर, मोरङ, काठमाडौं, ललितपुर, भक्तपुर लगायत देशैभर बहिस्कार आन्दोलनका कार्यक्रमलाई व्यापक बनाइएको छ ।

देउवा सरकारले स्थानीय निर्वाचनको लागि मनोनयन दर्ता गराएकै दिन आइतबार क्रान्तिकारी माओवादीले मोरङ जिल्लामा कथित निर्वाचनका विरुद्ध मसाल जुलुसको प्रदर्शन गरेको छ । प्रहरीले हस्तक्षेप गर्न खोजे पनि त्यसको प्रतिरोध गर्दै मशाल जुलुस प्रदर्शन गरिएको थियो ।

उता कालिकोटमा आइतबार विहानै निर्वाचन बहिस्कारको पोस्टर टाँसिइरहेको अवस्थामा नेकपा(क्रान्तिकारी माओवादी)का कालीकोट जिल्ला इन्चार्ज कर्णबहादुर विसीसहित विद्यार्थी नेता नेत्र शाहीलाई प्रहरीले गिरफ्तार गऱ्यो । उहाँहरूलाई जिल्ला प्रहरी कार्यालयमा राखिएको छ ।

काठमाडौंमा बहिस्कार कार्यक्रम तीव्र

नेकपा (क्रान्तिकारी माओवादी)ले काठमाडौंमा बहिस्कार कार्यक्रमलाई तीव्र पारेको छ । आइतबार बसन्तपुर र कोटेश्वरमा निर्वाचन बहिस्कार-सभा भव्य रूपमा सम्पन्न गरेको छ । क्रान्तिकारी माओवादीको पश्चिम महानगरपालिका कमिटिको आयोजनामा बसन्तपुर डबलीमा गरिएको निर्वाचन बहिस्कार सभालाई नेकपा (क्रान्तिकारी माओवादी)का पिविएम सिताराम तामाङ, केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज शारदा महत, केन्द्रीय सदस्य तथा काठमाडौं सेक्रेटरी खगेन्द्र छन्त्याल, नेवाः राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय उपाध्यक्ष गोर्की श्रेष्ठ लगायतका नेताहरूले सम्बोधन गर्नुभएको थियो ।

निर्वाचन बहिस्कार सभामा सयौंको संख्यामा जनसमुदायको उपस्थिति रहेको थियो । यहाँको बहिस्कार सभाको सञ्चालन दिनेश बतौंलाले गर्नुभएको थियो ।

त्यसैगरी आइतबारै पार्टीको पूर्वी महानगर कमिटिको आयोजनामा कोटेश्वरमा गरिएको निर्वाचन बहिस्कार सभालाई केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज शारदा महत, केन्द्रीय सदस्य तथा काठमाडौं सेक्रेटरी खगेन्द्र छन्त्यालले सम्बोधन गर्नुभएको थियो । सभाको सञ्चालन सपनाले गर्नुभएको थियो ।

सभालाई सम्बोधन गर्दै वक्ताहरूले संसदीय व्यवस्था पूर्णरूपमा असफल भइसकेको र यो व्यवस्थाले जनघात र राष्ट्रघात भन्दा बाहेक देश र जनताको हितमा कुनै काम गर्ने हैसियत नराख्ने हुनाले यो व्यवस्था अन्तर्गत गरिने चुनावको कुनै औचित्य नरहेकोले क्रान्तिकारी माओवादीले सशक्त रूपमा बहिस्कार गरेको बताउनु भयो । भ्रष्टाचारी नेता जन्माउने चुनावलाई सशक्त रूपमा बहिस्कार गर्न आम जनसमुदायलाई उहाँहरूले आव्हान गर्नुभयो ।

काठमाडौंका महानगरसहित गोकर्णेश्वर, चन्द्रागिरी लगायतका सबै नगरपालिकामा निर्वाचन बहिस्कारका कार्यक्रम तीव्र रूपमा अगाडि बढाइएको छ ।

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०

गाईघाट सम्पर्क नम्बर
फोन नं. - ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो
यात्राको लागि हामीलाई सम्झनुहोस् ।

(जि.प्र.का. काठमाडौं, द.नं. १९४-०७२/०७३ म.क्षे.हु.नं. १२-२ ०७६/०७७) वर्ष ६ अङ्क ४२ वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

## आलोपालो

# सामयिक टिप्पणी



● बलराम तिमल्सिना ●

जति बेला लेनिनको नेतृत्वमा बोल्सेभिकहरूले रुसमा क्रान्तिको तयारी गर्दै थिए त्यो समयको विश्व परिस्थिति कार्लमार्क्सको भन्दा बदलिएको थियो । मार्क्स को समयको प्रतिस्पर्धात्मक पूँजीवाद एकाधिकार पूँजीवादमा फेरिएको थियो र त्यसको चरित्र वित्तीय नै थियो । कार्ल मार्क्सले जहाँ पहिले क्रान्ति हुन्छ भनेर भन्नु भएको थियो त्यहाँ क्रान्ति भएन र मार्क्सले सोच्दै नसोचेको रुसमा बोल्सेभिकहरूले क्रान्तिको तयारी गरे। उनीहरू सफल पनि भए । तर उनीहरूले अब कार्ल मार्क्सको युग सकियो हामी नयाँ युगको नयाँ ब्याख्या गर्छौं भनेर घोषणा गरेनन् । उनीहरूले मार्क्सले युरोपका विकसित देशहरूमा पहिले क्रान्ति हुन्छ भनेको कुरा फेल खायो भनेर हला पनि गरेनन् । अनि चीनमा पनि माओले लेनिनको बिचारले हाम्रो जस्तो अर्ध औपनिवेसिक र अर्ध सामन्ती देशमा क्रान्तिको मार्ग निर्देशन गर्दैन, हामी हाम्रै खाले मार्क्सवाद विकास गर्छौं भनेनन्। रुसी तथा चीनीया क्रान्तिकारीहरूले मार्क्सवादमा थप योगदान गरे तर हल्ला कम गरे ।

यता हामीहरू भने फलानाले ब्याख्या गरेको युग सकियो भन्दै छौं । लेनिनले व्याख्या गरेको युग भनेको साम्राज्यवाद र सर्वहारा क्रान्तिको युग हो । त्यसो भए के अब साम्राज्य वाद छैन त ? त्यसो भए के आजको युग उत्तर साम्राज्यवादी युग नै हो त ? के त्यसो भए सर्वहारा वर्ग क्रांतिको नेतृत्वदायी बर्गबाट ऐतिहासिक कारणहरूले नै नेतृत्व गर्न नसक्ने वर्गमा बिघटित भएको हो त ? के त्यसो भए अब क्रान्तिको नेतृत्व सर्बहारा भन्दा नयाँ तथा क्रान्तिकारी अर्कै बर्गले गर्ने हो त ? के त्यसो भए अब सर्बहारा बर्गको अधिनायकत्व भन्ने कुरा पनि बिचाराधिन हुन पुगेको हो त ?

जो आजको विश्व परिस्थितीमा लेनिनको समयको भन्दा फेर बदल आएको छ। यस्तो फेरबदल भैरहन्छ। फेरिएको परिस्थिति अनुसार क्रान्तिकारीहरूले आफुलाई फेर्नै पर्छ। त्यसो भनेर मार्क्सवाद लेनिनवाद र माओवादका सार्वभौम सत्यमाथि नै भ्रम सिर्जना हुने गरी बहस उठाउनु गलत हुन जान्छ। आज हामीले लेनिनले व्याख्या गरेको युग सकियो भन्यौं भने सबैभन्दा खुसी संसोधनवादीहरू नै भएको देखियो। लेनिनले क्रान्तिकारी धाराका बिरुध्द जन्मेको ख्रुस्चेभी संसोधनवाद क्रान्तिको कार्यभारबाट जुन गफ दिदै जुन चोर दुलोबाट भागेको थियो हामी पनि त्यही दिशातिर दुर्घटित हुने खतरा बढ्छ।त्यसैले गर्नु पर्ने धेरै कुराहरू गरौं तर हतारमा ठूला ठूला घोषणाहरू नगरौं ।

## वडा कार्यालयको निर्माणाधीन सेफ्टी टंकी भत्काएर महिलाहरुले गरे प्रतिरोध

# जनप्रतिनिधिहरूबाटै जनता भड्याउने काम



नवलपरासी ८ बैशाख - जनप्रतिनिधिको रबैया बिरुद्ध यहाँका महिलाहरूले बिद्रोह गरेका छन् । बर्दघाट-४ देवीनगरमा रहेको एक सहकारीमा आबद्ध महिलाहरूले जनप्रतिनिधिले जनतामा बिभाजन ल्याउने काम गरेको भन्दै संर्घषमा उत्रिएका हुन । नमुना सहकारीका रूपमा रहेको दाउन्नेदेवी महिला बहुउद्धेश्शीय सहकारी संस्थामा आबद्ध महिलाहरूले बर्दघाट नगरपालिका वडा न.-४ को निर्माणाधीन वडा कार्यालय भवनको सेफ्टी टंकी भत्काएर पुरिदिएका छन् ।

वडाध्यक्ष र मेयरका बिरुद्ध नाराबाजी गर्दै उत्रिएका महिलाहरूले संस्थाको भवन पछाडि रहेको सार्वजनिक जग्गा आफूहरूले संरक्षण गर्दै आएकोमा उक्त जग्गामा वडाले सेफ्टी टंकी खनेको भन्दै विहीवार अवरोध पुर्‍याए । उनीहरूले नगर प्रमुख धीरज शर्मा बस्याल र बर्दघाट ४ का वडाध्यक्ष रविन्द्र बिक्रम हमालले आफूहरूसंग वार्ता गरेर समाज मिलाउनुपर्ने बताए ।

नगरपालिकाको सय मिटर दक्षिण रहेको सो स्थालमा महिलाहरूले सेफ्टी टंकी भत्काएर डोजर लगाउदाँ समेत जनप्रनिनिधि प्रहरी प्रशासन उक्त स्थलमा पुगेनन् । उक्त सार्वजनिक जग्गामा बालबिकास केन्द्र संचालन हुदै आएकोमा हाल बाल केन्द्र छैन ।

महिलाहरूको नेतृत्वमा संचालन गरिएको सहकारी माथि बिभेद गरिएको भन्दै महिलाहरू प्रतिरोधमा उत्रिएका थिए । संस्थाकी अध्यक्ष देवी पौडेलले आफूहरूले संरक्षण गर्दै आएको सार्वजनिक जग्गामा संस्थाको सहमति विना निर्माण कार्य गरिएकोले प्रतिरोध गरेको बताउनुभयो । महिला भनेपछि संस्थागत रूपले समेत बिभेद हुदो रैछ -उहाँले भन्नुभयो - जन प्रतिनिधिहरूबाटै जनता भड्याउने काम भयो, संस्था आसपासका मान्छेलाई उचालेर हामी महिला माथि जाई लाग्ने जस्तो निन्दनिय काम भएकोले प्रतिरोधमा उत्रियौं । मदिरा सेवन गरेर हामी माथि गाली गलौज समेत भयो ।

उहाँले जन प्रतिनिधिहरूले बर्दघाट-४ देवीनगरका बासिन्दालाई आफुहरू बिरुद्ध भड्काएर संस्थाको संरक्षणमा रहेको जग्गामा जबरजस्ती सेफ्टी टंकी खनेकोले संस्थागत प्रतिरोध गरेको दावी गर्नुभयो ।

संस्थाको सहमति बेगर टंकी खनिएको र त्यसका बिरुद्ध जिल्ला प्रशासनमा डेलिगेशन समेत गएको संस्थाले जनाएको छ । संस्था पक्षधर र वडा पक्षधर बनाएर जन प्रतिनिधिहरूले भाड्ने काम गरेको भन्दै टेबल टकमा आउन उनीहरूले जनप्रतिनिधिलाई आग्रह गरेका थिए । केही भोटको लोभमा परेर जन प्रतिनिधिले महिला संस्थाका पक्षमा बोल्न नसकेको संर्घरत महिलाहरूले बताएका छन् ।

कथित स्थानीय चुनावका बेला जन प्रतिनिधिहरूले महिलाहरू बिरुद्ध पुरुष प्रयोग गरेर धम्क्याउने कार्यभएकोले प्रतिबाद गरेको महिला अगुवा बिजुला खाँडले बताउनुभयो । यस्तो समस्या पर्दा नगर प्रमुख र वडाध्यक्ष लुक्नुहुदैन आउनुपर्छ - खाँडले भन्नुभयो । महिलाहरूले संचालन गरेको संस्थालाई पितृसत्तात्मक सोच भएका जनप्रनिनिधिहरूको गलत नियतले स्थानीय बासिन्दा र संस्थाबीच लडाँई पारिएको भन्दै महिलाहरूले नाराबाजी गरेका थिए । संस्थाले संचालक समितिको बैठकबाट नै प्रतिरोध गर्ने निणर्य अनुसार उक्त सेफ्टी टंकी भत्काइएको पौडेलले जानकारी दिनुभयो । उनीहरूले सेफ्टी टंकीको ईट्टा उक्काएर त्यसमा क्षति पुर्‍याउदै माटोले पुरेका थिए ।

## नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी) ललितपुर जिल्ला भेला भव्य रूपमा सम्पन्न




ललितपुर । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी) ललितपुर जिल्ला भेला भव्य रूपमा सम्पन्न भएकोछ । वैशाख ५ गते पाटन संयुक्त क्याम्पस, ललितपुर जिल्लामा नेकपा (क्रान्तिकारी माओवादी)स्थाई समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका केन्दिय अध्यक्ष सी.पि गजुरेलको प्रमुख आतिथ्यतामा र अखिल ( क्रान्तिकारी ) केन्द्रीय अध्यक्ष हरिकृष्ण गजुरेलको विशेष आतिथ्यतामा भव्य रूपमा सम्पन्न भएको थियो ।

उक्त भेलामा देजमो नेपालका अध्यक्ष नेता सी.पि गजुरेलले विधार्थी तप्काहरू चुप लागि बस्न नहुने यसकालागि संगठित हुँदै संधर्षहरूमा विधार्थीहरू राष्ट्रियता, जनजीविकाका तमाम समस्याहरूलाई सचेत तरिकाले उठान गर्दै आन्दोलन चर्काउदै दलाल, माफिया विरुद्ध आन्दोलनको नेतृत्व गर्न विधार्थीहरू अग्रिम मोर्चामा लाग्नु पर्ने बताउनु भयो ।

यसैले विधार्थीहरूले आफु वदलिदै समाज बदल्न राजनीतिमा सम्लग्न हुनु पर्ने बताउनु भयो । यस्तै अखिल(क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुलेलले विधार्थीहरूले शैक्षिक क्षेत्रमा देखिएका तमाम विकृति विरुद्ध अखिल(क्रान्तिकारी)हरूले सारा विधार्थीहरूको नेतृत्व गरेर प्रत्येक स्कुल,क्याम्पसहरूमा पढ्किनु पर्ने बताउनु भयो । शिक्षा क्षेत्र माफियाहरूको कव्जामा रहेको समय सम्म जनताका छोराछोरीहरूकने भविष्य सुनिश्चित नहुने भएकोले यसका विरुद्ध लड्न तयार हनुपर्ने बताउनु भयो। ।

ने.क.पा (क्रान्तिकारी माओवादी) ललितपुर जिल्ला सेक्रेटरी स्याम के.सिले युवा विधार्थीहरू सचेत रहदै आन्दोलन र संधर्षलाई बढाउनु पर्ने बताउनु भयो ।

उक्त भेलामा अखिल(क्रान्तिकारी) केन्द्रीय उपाध्यक्ष शीलु न्यौपाने, महासचिव पेसल दाहाल, सचिव राम तिरुवा, प्रभात भट्टराई , नेकपा क्रान्तिकारी माओवादीका जिल्ला ईन्चार्ज कगेन्द्र महर्जन, जनस्वास्थ्य केन्द्रिय संयोजक ईन्दिरा अधिकारी, विगेसो अध्यक्ष पदम लिम्बू, प्राध्यापक संगठनका केन्द्रीय सदस्य चिदानन्द यादव, लगायत स्थानीय नेता र अखिल(क्रान्तिकारी) का केन्द्रीय स्तरका नेताहरूको समेत उपस्थिति रहेको थियो ।

## आजको...

(क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण'ले गर्नुभएको थियो ।

उक्त कार्यक्रमका अन्य अतिथिहरूमा नेकपाका अध्यक्ष ऋषि कट्टेल,नेपाल कम्युनिष्ट पार्टीका सचिवालय सदस्य धर्मेन्द्र वास्तोला 'कञ्चन' , हेमन्त प्रकाश ओली 'सुदर्शन', , वैज्ञानिक समाजवादी पार्टीका प्रवक्ता जागृत रायमाझी, नेकपा (मशाल) केन्द्रीय समन्वय समितिका प्रतिनिधि नारायण सापकोटा हुनुहुनथ्यो ।

कार्यक्रममा प्रमुख अतिथि मोहन वैद्य किरणले कम्युनिष्ट आन्दोलनमा भएका उपलब्धीहरूलाई रक्षा गर्दै क्रान्तिकारीहरू एकताबद्ध भएर अघि बढ्ने कुरामा जोड दिनु भयो । सम्वोधनका क्रममा उहाँले भन्नुभयो–ँसंघीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समावेशीता रगतको परिणाम हो । कम्युनिष्ट क्रान्तिकारीहरू एकातिर र अवसरवादी अर्कोतिर हुनुपर्छ । हाम्रै साथीहरू पुरानै सत्तालाई बचाउन सरकारमा गए । उनीहरू नव प्रतिक्रियावादी भए । कम्युनिष्ट आन्दोलनलाई दबाउनमा उनीहरू आज लागिपरिरहेका छन् ।'

नेकपाका सचिवालय सदस्य धर्मेन्द्र बास्तोला 'कञ्चन' ले पनि आफ्नो विचार राख्नु भएको थियो । उहाँले भन्नुभयो 'सिद्धान्त छोड्ने हो भने क्रान्ति सम्भव हुँदैन । सिद्धान्तलाई व्यवहारमा लागु गर्नुपर्छ । धेरै कम्युनिष्टहरूले अन्ततः सम्झौता गर्छन् । त्यो विलकुल गलत हो । कम्युनिष्ट सत्ता स्थापना गर्न लेनिनको योगदान महत्वपूर्ण रहेको, लेनिनले मार्क्सवादमा लेनिनवादको विकास गर्नुभएको समेत वहाँले चर्चा गर्नुभयो ।

कार्यक्रममा नेकपाका अध्यक्ष ऋषि कट्टेलले आफ्नो विचार राख्ने क्रमममा भन्नुभयो - ँकम्युनिष्ट आन्दोलन अप्ठ्यारो परिस्थितिमा छ। कम्युनिष्टहरू विसर्जनवादमा पतन भएका छ्न। क्रान्तिकारी शक्तिहरू चारतिर मुख फर्काएर हिँडिरहेका छन् । क्रान्तिकारीहरूले विकल्प दिन सक्नुपर्छ । वर्तमान नेपाली कम्युनिष्ट आन्दोलन खुश्चोभी बाटोमा हिँडिरहेको छ ।□ वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपालका प्रवक्ता जागृत रायमाझीले पनि आफ्नो विचार राख्दै भन्नुभयो- कम्युनिष्ट आन्दोलन विश्वमै रक्षात्मक अवस्थामा होइन संकटग्रस्त छ । यस्तो किन भयो ? कारण खोज्नुपर्छ । क्रान्तिका असफल प्रयोगहरूलाई निर्ममतापूर्वक समीक्षा गर्नुपर्छ । कम्युनिष्टहरूले अर्थव्यवस्थाको प्रणालीमा काम गर्न सकेको छैनन । नेकपा (मसाल) केन्द्रीय समन्वय समितिका प्रतिनिधि सदस्य नारायण सापकोटाले दक्षिणपन्थी अवसरवाद आजको मुख्य समस्या रहेको र नृेकपा(मसाल)को वर्तमान नेतृत्व संसदवादी दलदलमा भासिएकाले त्यसका गलत कार्यनीतिका विरुद्ध नेकपा (मसाल) केन्द्रीय समन्वय समिति नीर्माण गर्न परेको बताउनुभयो ।

कार्यक्रमको अध्यक्षता नेकपा (क्रान्तकारी माओवादी) का स्थाई समिति सदस्य हरिभक्त कडेलले गर्नुभएको थियो र कार्यक्रमको संचालन नेकपा (क्रान्तकारी माओवादी) स्थाई समिति सदस्य परि थापाले गर्नु भएको थियो ।

कायृक्रमको बीचमा नेकपा (क्रान्तकारी माओवादी)ले कम्युनिष्ट पार्टीको ७३ औं स्थापना दिवस तथा १५३ औं लेनिन जयन्ती दिवसको वारेमा प्रकाशित प्रेस वक्रव्य केन्द्रीय कार्यालयको तफृबाट इन्द्रमोहन सिगदेलले पढेर सुनाउनु भएको थियो भने परि थापाले टर्किस कम्युनिस्ट पार्टीव्दारा नेकपा (क्रान्तकारी माओवादी)लाई पठाएको शुभकामना पढेर सुनाउनु भएको थियो ।


## गर्मी मौसममा संक्रामक रोगबाट बचौं र बचाऔं

**गर्मी मौसममा मलेरिया, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरू फैलिन सक्दछन् ।**

- ➢ संक्रामक रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- ➢ संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- ➢ बासी तथा सडेगलेको खाना नखाऔं,
- ➢ सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड





प्रकाशक : वर्गदृस्टि मिडिया प्रा.लि., प्रबन्ध निर्देशक : हुकुमबहादुर सिंह, सम्पादक : इन्द्रबहादुर राउत, फोटोः जय दाहाल, कार्यालय : काठमाडौं-१०, बुद्धनगर सम्पर्क नं. : ९८५१०७६८६४, ०१-५२६०११२ इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।